# कृषिमा आधारित बँधुवा श्रमको अन्त्य

## परियोजनाका सफलताका कथाहरू



# Ending Agricultural Bonded Labour in Nepal (EABL)

## Success Stories

actionaid

प्रतिलिपि अधिकार
**एक्सनएड नेपाल**

प्रकाशन मिति :
**जुन** ३, २०२४

**सर्वाधिकार**ः यस पुस्तकमा समावेश भएका सामग्रीहरूको स्वामित्व र अधिकार एक्सनएड नेपालमा सुरक्षित रहनेछ तर सबैले गैरनाफामूलक तथा सकारात्मक सामाजिक रूपान्तरण सम्बन्धि काममा यसको प्रयोग वा सन्दर्भ उल्लेख गर्दा एक्सनएड नेपालको नाम उल्लेख गरी त्यस्ता कागजात वा जानकारीको एकप्रति एक्सनएड नेपाललाई उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।

EDC-Nepal

KMJS Nepal

actionaid

**सबैमा नमस्कार ।**

पश्चिम नेपालको तराई तथा पहाडी जिल्लामा व्याप्त रहेको कमैया तथा हलिया प्रथा सदियौंदेखि चलिआएको एक दासप्रथा थियो । ऋणमा बाँधिएकै कारणले कुनै परिवारका सदस्यहरूले दासतापूर्ण जीवन जिउन बाध्य हुनु, आफुले सोचेको तथा चाहेको जस्तो काम गर्न नपाउनु, कम ज्यालामा नै काम गर्न बाध्य हुनु, ऋण र दासताबाट मुक्त हुने कुनै उपाय नै नपाउनु, यी मानवअधिकार हनन् नै थिए ।

नेपाल सरकारले वि.सं. २०५७ साउन २ गते कमैया तथा वि.सं. २०६५ भाद्र २१ गते हलिया मुक्तिको घोषण गरेपछि पनि नेपालमा दासप्रथाको अन्त्य हुन झण्डै डेढ दशकको समय लागको थियो । बर्षौंसम्म आन्दोलन गर्दागर्दै पनि मुक्तिको किरण देख्न नपाएका पूर्वी तराईका हरवाचरवाले मुक्त कमैया तथा मुक्त हलियाको साथ र सहयोग पाएर वि.सं. २०७९ साउन २ गतेका दिन ऋण खारेजीको घोषणासँगै मुक्तिको सास फेर्न पाएका थिए ।

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले कस्ता व्यक्तिलाई कमैया भनिन्छ, कमैयाले लिएको ऋण तिर्नुपर्ने, कुनै पनि ऋण सम्बन्धी लिखत वा सम्झौता रद्द हुने, बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने, कसैले पनि कमैया श्रमिक राख्न नपाउने र राखेको खण्डमा सजायको पनि व्यवस्था गरेको छ ।

कृषिमा आधारित परम्परागत बाँधा श्रम हालका लागि अन्त्य भएतापनि उनीहरूको न्यायिक पूनर्स्थापना पनि राज्यको जिम्मेवारी हो । यसका लागि नेपाल सरकारका विभिन्न निकायहरुले महत्वपूर्ण कदम लिएका छन्, जसले हजारौं मुक्त कमैया तथा मुक्त हलिया परिवारको पुनर्स्थापना पनि भएको छ । तर तत्कालिन समयमा छुट भएका हजारौं मुक्त कमैया तथा मुक्त हलिया परिवार अझै पनि पूनर्स्थापना कुरिरहेका छन् । राज्यले एकै प्रकृतिका समुदायमा पनि कसैलाई पूनर्स्थापना गर्नु र कसैलाई बेवास्ता गर्नु अन्यायपूर्ण रहेको छ । जमिन र घर पाएर पनि जीविकोपार्जनका विकल्पहरू नहुँदा हजारौं मुक्त कमैया तथा मुक्त हलिया परिवार कामका लागि विदेशिन बाध्य छन् । गरिबीकै कारणले हजारौं मुक्त कमैया तथा मुक्त हलिया परिवारका बालबालिका विद्यालय छोडिरहेका छन्, किशोरकिशोरी उच्च शिक्षा पाउन असफल छन् र कामका लागि घरबाट बाहिरिन बाध्य छन् । श्रम नै गरेर जिवन जिउन बाध्य यी समुदाय श्रम बजारमा कम ज्याला पाउने, ज्याला नै नदिई रोजगारदाता भाग्ने, दिनमा धेरै घण्टा काम गर्नु पर्ने जस्ता बाध्यताहरूबाट पनि गुज्रिरहेका छन् ।


संघीय सरकारले मुक्त कमैया र मुक्त हलियाका पुनर्स्थापना कार्य संघीयताको मर्मअनुसार स्थानीय सरकारलाई हस्तान्तरण गरेतापनि संघीयताको जरो



नगाडेकोले पुनर्स्थापना कार्य अघि बढ्न सकेको छैन । अतः यस पुनर्स्थापना कार्यलाई अघि बढाउन तथा मुक्त भएका बाँधा श्रमिक समुदाय पुनश्च नवीन प्रकारका बाँधा श्रममा नपरोस् भन्ने उद्देश्यका साथ "कृषिमा आधारित बँधुवा श्रमको अन्त्य" परियोजनाको तर्जुमा गरिएको हो । यस परियोजनाले मुक्त कमैया तथा मुक्त हलियाका संगठनलाई सुदृढ बनाउन, राज्यका विभिन्न तहसँगको उनीहरूको समन्वय तथा सहकार्यलाई बढाई कर्तव्यपालकहरूलाई उत्तरदायी बनाउन, अधिकारमा आधारित वैकल्पिक उपायहरू जस्तै जीवनयापन, शिक्षा, रोजगारीमा जोडेर पुनः दासताको जीवनमा फर्कन नदिन र न्यायिक पुनर्स्थापनाको संघर्षलाई साथ दिने उद्देश्य लिएको छ ।

यस प्रकाशनले सञ्चालन गरिएको पहलहरूका केही झलकसहित परियोजनाले हासिल गरेका सफलताका कथाहरूलाई अभिलेख गरेको छ । यस परियोजनाका साझेदार संस्थाहरू बर्दिया जिल्लामा कमैया महिला जागरण समाज, डोटी जिल्लामा सम विकास केन्द्र तथा बाजुरा जिल्लामा राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपाल रहेका छन् । यो परियोजना "विकास सहयोगको लागि नर्वेजियन एजेन्सी (नोराड)"को आर्थिक सहयोग तथा द फ्रिडम फण्डसँगको साझेदारीमा सञ्चालन भएको छ ।

यस परियोजनाको सफलताका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु भएका तथा यस प्रकाशनमा अभिलेख भएका उत्साहप्रद कथाहरूका लागि योगदान पुऱ्याउनु भएका सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।



.................

**सुजिता माथेमा**
कार्यकारी निर्देशक
एक्सनएड नेपाल

# परियोजनाको परिचय

कमैया, हलिया तथा हरवाचरवा नेपालमा सदियौंसम्म व्याप्त रहेको दासप्रथा हो । यी समुदायका सदस्यहरू आफू, आफ्नो परिवारका सदस्य वा पूर्खाले लिएको ऋण वा सोको व्याज तिर्नका लागि कृषि तथा घरायसी काम गर्न बाध्य भएका बाँधा श्रमिक हुन् । कमैया प्रथा पश्चिम नेपालको तराईका ५ जिल्लाहरूमा, हलिया प्रथा सुदुरपश्चिम तथा कर्णाली भेगका १२ जिल्लाहरूमा र हरवाचरवा प्रथा पूर्वी तराईका ८ जिल्लाहरू व्याप्त थियो । बर्षौंबर्षको संघर्षपछि २०५७मा कमैया, २०६५मा हलिया, २०७०मा कमलरी र २०७९ सालमा हरवाचरवाको मुक्ति भयो ।

बँधुवापनबाट मुक्त भएका कमैया तथा हलिया समुदायले पुनर्स्थापनाका लागि पनि बर्षौंसम्म संघर्ष गर्नुपरेको छ र अझै पनि सो संघर्ष जारी नै छ । नेपाल सरकारले मुक्त कमैया तथा मुक्त हलिया समुदायको पुनर्स्थापनामा लगानी पनि गरेको छ । उनीहरूकै तथ्याङ्कलाई आधार मान्ने हो भने मुक्त कमैयाका २५,१९५ परिवारले जग्गा प्राप्त गरेका छन् भने मुक्त हलियाका १३,५४६ परिवारको पुनर्स्थापना भइसकेको छ । तर तात्कालिन समयमा लगत संकलन गर्दा छुट भएका कमैया तथा हलियाहरूको पुनर्स्थापना अझै अपुरो नै रहेको छ । अनुचित जग्गा पाएका कारणले जग्गा उपभोग गर्न नपाएका, श्रेष्टा कायम नभएका, आफूले बसेको जमिनको स्वामित्व नपाएका, गाँस-बास-कपासको सुनिश्चितता नपाएका कारणले आफ्ना थातथलो छोड्न बाध्य भएका मुक्त कमैया तथा मुक्त हलिया परिवारको आवाज अझै पनि सुनिन बाँकी नै रहेको छ । यस्तै गरी मुक्त भएका हरवाचरवाको त लगत संकलन तथा पुनर्स्थापना कार्य सुरु हुन बाँकी नै रहेको छ ।

बँधुवापनबाट मुक्त भएर स्वतन्त्र जीवनयापन गर्न पाएतापनि राज्यले न्यायिक पुनर्स्थापनामा ध्यान नदिंदा कमैया तथा हलिया समुदाय अझै पनि गरिबीमा नै जीवन बिताइरहेका छन् । राज्यको पुनर्संरचनासँगै स्थापित भएको स्थानीय तह तथा प्रदेश तहमा उनीहरूको पुनर्स्थापना कार्य अघि बढिरहेको पनि छैन । अतः मुक्त कमैया तथा मुक्त हलियाका संगठनलाई सुदृढ बनाउन, राज्यका विभिन्न तहसँगको उनीहरूको समन्वय तथा सहकार्यलाई बढाई कर्तव्यपालकहरूलाई उत्तरदायी बनाउन, अधिकारमा आधारित वैकल्पिक उपायहरू जस्तै जीवनयापन, शिक्षा, रोजगारीमा जोडेर पुनः दासताको जीवनमा फर्कन नदिन र न्यायिक पुनर्स्थापनाको संघर्षलाई साथ दिनका लागि "नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य" परियोजनाको सञ्चालन भएको हो ।

यस परियोजनाका साझेदार संस्थाहरू बर्दिया जिल्लामा कमैया महिला जागरण समाज, डोटी जिल्लामा सम विकास केन्द्र तथा बाजुरा जिल्लामा राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपाल रहेका छन् । यो परियोजना "विकास सहयोगको लागि नर्वेजियन एजेन्सी (नेराड)"को आर्थिक सहयोग तथा द फ्रिडम फण्डसँगको साझेदारीमा अक्टोबर २०२१ देखि जुन २०२४ सम्म सञ्चालन भइरहेको छ ।

**परियोजनाका अपेक्षित उपलब्धीहरू निम्न रहेका छन्ः**

१. कृषिमा आधारित बँधुवा श्रमिक समुदायका प्रतिनिधिहरूको एक संयुक्त राष्ट्रिय आन्दोलन मार्फत् नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्यको माग गर्दछ, पुनर्स्थापना कार्यक्रमहरूको सुनिश्चितता गरी थप शोषणको रोकथाम सरकार तथा रोजगार दाताहरुलाई जवाफदेही बनाउने कार्य गरिनेछ ।

२. सरकार (संघ, प्रदेश, स्थानीय) सँग कृषिमा आधारित बँधुवा श्रमको अन्त्य, कानूनको अनुगमन र लागू, अपराधीहरुलाई मुद्दा चलाउने, तथा पीड़ितहरुलाई न्याय, क्षतिपूर्ति तथा सेवामा पहुँच स्थापित गराउन बलियो नीतिगत व्यवस्थाहरु बनेको हुनेछ ।

३. मुक्त हलिया र कमैया समुदाय, विशेष गरी महिलाहरू, परिचालित भइ उनीहरूको अधिकार र हक अधिकार दाबी गर्न सशक्त हुन्छन् र कृषिमा आधारित श्रममा उनीहरूको उत्थानशीलता बढाउने छन् ।

# बिषयसूची


| क्र.सं. | बिषय | पृष्ठ नं. |
|---|---|---|
| १ | अधिकारका लागि साइकलदेखि पुनर्स्थापना कार्यविधि निर्माणसम्मको यात्रा | १ |
| २. | शैक्षिक सामग्री सहयोगपछि विद्यालय फर्कदै बालबालिका | ५ |
| ३. | हलिया पुनर्स्थापनामा युवा नेतृत्व | ८ |
| ४. | छोराहरूको उच्चशिक्षाका लागि देवी दमाईको सङ्घर्ष | ११ |
| ५. | किराना पसल र अधिकारको आन्दोलन सँगसँगै | १४ |
| ६. | ठेला व्यवसायले बदलिएको फुलमतीको दैनिकी | १६ |
| ७. | परम्परागत सीपबाट जीविकोपार्जन गर्दै हर्क | १९ |
| ८. | व्यावसायिक बन्दै मुक्त बँधुवा श्रमिकहरू | २२ |
| ९. | मुक्त हलियादेखि जनप्रतिनिधिसम्म | २६ |
| १०. | यसरी बन्यो मुक्त हलिया पुनर्स्थापना सम्बन्धी कार्यविधि | २८ |
| ११. | कानुनी पहिचानका कागजातले बढायो आत्मविश्वास | ३१ |
| १२. | फर्निचर व्यवसायले फेरियो प्रेमको जीवन | ३४ |
| १३. | सीपलाई रोजगारीसँग जोड्दै रोजगार सूचना केन्द्र | ३६ |
| १४. | मुक्त कमैया परिवारका किशोरीहरूको छात्रवृत्तिमाथी दाबी | ३९ |
| १५. | बँधुवा श्रमिकदेखि व्यवसायी हुँदै नेतृत्वसम्म | ४२ |
| १६. | कपाल काटेरै सामुदायिक नेतृत्व गर्दै सुरत पार्की | ४५ |
| १७. | सिलाइ उद्यम र नेतृत्व विकास सँगसँगै | ४८ |
| १८. | छात्रवृत्तिमा कृषि प्राविधिक बन्दै | ५१ |
| १९. | नेतृत्व तहमा सीता | ५४ |
| २०. | तरकारी खेती, बुधेको प्रगती | ५६ |




# अधिकारका लागि साइकलदेखि पुनर्स्थापना कार्यविधि निर्माणसम्मको यात्रा

कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका निवासी पशुपति चौधरी वि.सं. २०५७ देखि निरन्तर कमैया आन्दोलनमा नेतृत्व गरिरहेका छन् । हाल उनी मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष छन् । सौकी (ऋण) मिनाहाको घोषणापछि मुक्त भएका उनले आफ्नो समुदायसँग मिलेर धेरै अभियान तथा आन्दोलनमा अगुवाइ गरे । जग्गा कब्जाको अभियान, आफ्नो जमिन आफै अमिन, घर निर्माणका लागि काठमाडौँको तीनकुने क्षेत्र घेराउदेखि विभिन्न आन्दोलनमा नेतृत्व गरेका उनी राज्यको पुनर्स्थापना कार्यले गर्दा हजारौं मुक्त कमैयाको परिवारले काँचुली फेर्न सफल भएको बताउँछन् ।




आन्दोलनको निरन्तरताबीच मुक्त कमैयाको न्यायिक पुनर्स्थापनामा भने बारम्बार चुकिरहेको वास्तविकतालाई पनि उनले नजिकबाट नियालेका छन् र यसका लागि लडिरहेका छन् । राज्यले लिएको लगतमा हजारौं मुक्त कमैया परिवार अटाउन सकेनन्, लगत संकलनमा परेकाले पुनर्स्थापना प्याकेज पाउन सकेनन्, जङ्गल र नदीको किनारामा जग्गा पाएकाले ती जग्गा उपभोग गर्न सकेनन्, कमलरीका लागि बनेका परिचयपत्र उनीहरूका हातमा परेनन् । उनी भन्छन्, *"शिक्षा-स्वास्थ्य-रोजगारीमा मुक्त कमैया परिवारले कहिल्यै पहुँच पाएनन् । यी मुद्दालाई सम्बोधन गराउन हामीले दशकौंदेखि नेपाल सरकारसँग छलफल तथा पैरवी गरिरह्यौं तर काठमाडौंमा सीमित केन्द्र सरकारले त्यो आवाज सुन्न सकेन, सुनेर पनि सम्बोधन गर्न सकेन ।"*

राज्यको पुनर्संरचना पश्चात् "गाउँ-गाउँमा सिंहदारबार" पुगेपछि मुक्त कमैया समाजले स्थानीय तह तथा प्रदेश तहसँग पनि आफ्ना मुद्दाका बारेमा छलफल गर्न थाल्यो । दुबै तहको सरकार मुक्त कमैयाको सवाल सम्बोधनमा सकारात्मक थियो । केही स्थानीय तहले पुनर्स्थापनाका लागि कदम पनि चाल्न सुरु गरे तर कानुनी दस्तावेजको अभावमा मुक्त कमैया समुदायलाई सहयोग गर्न सकिरहेको थिएन । पशुपति थप्छन्, *"वि.सं. २०७९ पुसको अन्त्यतिर सङ्घीय सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले "मुक्त कमैया पुनर्स्थापना सम्बन्धी कार्यविधि २०७९"को निर्माण गरेको थियो तर त्यो कार्यविधि विभिन्न कारणले सङ्घीय तहमा पारित हुन सकेन ।"*

पुनर्स्थापना कार्य नयाँ शिराबाट सुरु हुने आशा राखेका मुक्त कमैया समुदायमा निराशाको बादल त छायो तर यस असफलताबाट पाठ सिकेर आफ्नो प्रदेश तथा स्थानीय सरकारलाई घच्घच्याउने निर्णय मुक्त कमैया समाजले लियो । सुदुरपश्चिम प्रदेश सरकार र मुक्त कमैया बसोबास गरिरहेका स्थानीय तहलाई दबाब दिन मुक्त कमैया समाजले वि.सं.२०८० वैशाख १४ गते कञ्चनपुरको महेन्द्रनगर र कैलालीको टीकापुरबाट शान्तिपूर्ण अधिकार यात्रा (साइकल यात्रा)को सुरुवात गऱ्यो । यसै अधिकार यात्रामा सहभागी भएका मुक्त कमैया समाज केन्द्रीय समिति सदस्य कैलाली निवासी सीता चौधरी भन्छिन् *"यस अधिकार यात्रामा किशोरकिशोरी, युवा तथा वयस्कहरू गरी झण्डै २०० जना सहभागी भएका थियौं । हजारौं मुक्त कमैया परिवारले ऐक्यबद्धता जनाएका थिए । पाँच दिनसम्म सञ्चालन भएको अधिकार यात्राका क्रममा हामीले आफ्ना वडा तथा पालिकाका जनप्रतिनिधिसँग र बस्तीका मुक्त कमैया सदस्यहरूसँग संवाद अघि बढाउँदै गयौं, आफ्ना माग तथा सवालहरूलाई अघि सार्दै गयौं । अधिकार यात्राको पाँचौं दिन धनगढीमा भेला भएका सहभागीहरूलाई स्वागत गर्न हजारौं मुक्त कमैयाहरू आइपुगेका थिए र सोही दिन मुक्त कमैया समाज सुदुरपश्चिम प्रदेशस्तरीय समितिको गठन गरिएको थियो ।"*

अधिकार यात्रा पछि पुनर्जागरण भएको मुक्त कमैया समाजले निरन्तर रूपमा प्रदेश सरकारसँग पैरवी तथा संवाद जारी राख्यो । यसै संवाद तथा पैरवीले गर्दा सुदुरपश्चिम प्रदेश सरकार कमैया पुनर्स्थापना कार्यलाई अघि बढाउन सहमत



भयो र वि.सं २०८० असोजमा पुनर्स्थापना कार्यसम्बन्धी कार्यविधि निर्माणका लागि मस्यौदा समिति गठन भयो । मस्यौदा समीतिको गठन लगत्तै एक्सनएड नेपालको सहयोगमा तयार गरिएको 'द ब्राभो डेल्टा शो'मा सुदुरपश्चिम सरकारका तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामेश्वर चौधरीलाई आमन्त्रण गरियो, जसमा उनले मुक्त कमैया, कमलरी तथा हलियाको पुनर्स्थापना कार्य अघि बढाउन छिट्टै कार्यविधि निर्माण गर्ने जानकारी दिनुभयो । सो मस्यौदा समीति गठनका लागि महत्वपूर्ण भूमिका खेल्ने तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामेश्वर चौधरी भन्नुहुन्छ, *"अघिल्ला सरकारले मुक्त कमैया तथा मुक्त हलियाका लागि बार्षिक रूपमा बजेट छुट्याउने त गर्थ्यो तर कानुनी व्यवस्थाका अभावले सो बजेटको सदुपयोग हुन सक्दैनथ्यो । त्यसैले हामीले यसपटक दीर्घकालीन कार्यविधिको निर्माण अघि बढायौं, जसले गर्दा सुदुरपश्चिम सरकारलाई बजेट छुट्याउन र सदुपयोग गर्न सहयोग पुग्नेछ ।"*

वि.सं. २०८० को पुसमा सुदुरपश्चिम सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालायले मुक्त कमैया-कमलरी तथा मुक्त हलियासँग छुट्टाछुट्टै परामर्श कार्यशाला आयोजना गरेको थियो, जसमा यस परियोजनाले सहयोग गरेको

थियो। यी सबै प्रगतिसँगै मुक्त कमैया-कमलरी तथा मुक्त हलिया समुदायले आ-आफ्नो तर्फबाट कार्यविधिमाथि छलफल र पैरवी जारी राखे । सो कार्यविधिलाई सुदुरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला मन्त्रालयले पारित गरेसँगै वि.सं. २०८० चैत्र १५ (मार्च २८, २०२४) का दिन मन्त्रिपरिषद्को बैठकले "सुदुरपश्चिम प्रदेशको मुक्त कमैया हलिया तथा कमलरी पुनर्स्थापना कार्यविधि २०८०" पारित गरेको थियो। यस कार्यविधिले नेपाल सरकार तथा स्थानीय तहबाट जग्गा प्राप्त गरेका वा जग्गा प्राप्त गर्ने सुनिश्चितता पाएका मुक्त कमैया-कमलरी तथा मुक्त हलियालाई एक पटकका लागि सुरक्षित आवास निर्माणमा सहयोग गर्नेछ । यसका साथै सुदुरपश्चिम सरकारले हाल परिचयपत्र प्राप्त र यस कार्यविधिको व्यवस्थानुसार परिचयपत्र प्राप्त गर्ने मुक्त कमैया-कमलरी तथा मुक्त हलियाका लागि जग्गा प्राप्तिका लागि पहल गर्ने र सीपमूलक तालिममा कोटा छुट्याउने पनि व्यवस्था राखेको छ।

सुदुरपश्चिम सरकारले कार्यविधिको निर्माण गरे लगत्तै मुक्त कमैयाको घर निर्माण कार्यलाई अघि बढाइसकेको छ ।



कैलालीको बर्दगोरिया गाउँपालिका-३, डानफाँटामा रहेका २२ मुक्त कमैया परिवारको घर निर्माणका लागि सम्झौता तथा जग निर्माण कार्य अघि बढिसकेको छ। मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरी थप्छन्, *"सुदुरपश्चिम सरकारले आगामी दिनमा पनि मुक्त बाँधा मजदुर समुदायको हकहितका लागि कार्यक्रम अगाडि बढाउने आशा हामीले राखेको छौं र यसका लागि हाम्रो अभियान निरन्तर जारी रहनेछ। सरकार एक्लैले सबै काम गर्न सक्दैन, त्यसैले विकास साझेदार संस्थाहरूको पनि निरन्तर सहयोग आवश्यक पर्छ।"*

## Pashupati Chaudhary and the Fight for Just Rehabilitation: The Journey of the Freed Kamaiya Movement

Pashupati Chaudhary, a resident of Dhangadhi Sub-Metropolitan City in Kailali district, has been leading the Kamaiya movement since 2057 BS. He is currently the chiarperson of central committe of the Freed Kamaiya Society. Amidst the continuous struggle of the movement, he has closely observed the reality of Freed Kamaiyas being repeatedly missed in the just rehabilitation and has been fighting for it. He says, "Thousands of freed Kamaiya families have been left unregistred, those who were registered weren't able to receive the rehabiliation packages, many kamaiya families who have received land near river banks and the jungles haven't been able to utilize them and Kamalaris are yet to receive identity cards which are already prepared."

While the federal government was positive in addressing the concerns of Freed Kamaiyas, some local governments also started taking steps towards rehabiltation However, due to the lack of legal documentations, they couldn't support the Kamaiya community. The Freed Kamaiya community, despite the clouds of disappointment looming over, the hope of a new beginning in the rehabilitation process, decided to work closely with their provincial and local governments. Putting pressure on the provincial government and the local governements where Freed

Kamaiyas reside, the Free Kamaiya Society initiated a peaceful rights journey (cycle rally) from Mahendranagar in Kanchanpur and Tikapur in Kailali on April 14, 2080 BS.



On the fifth day of the rights journey, when the rally reached Dhangadhi, thousands of Free Kamaiyas had gathered to welcome the participants, and on the same day, the Free Kamaiya Society formed its Sudurpashchim Province-level committee." The Free Kamaiya Society, in its quest for restoration, continued its ongoing dialogue with the provincial government, keeping the communication channels open. Through this dialogue and persistence, an agreement was reached with the Sudurpashchim Province government to advance the Kamaiya restoration efforts.

In Poush 2080, the Ministry of Land Management, Agriculture, and Cooperatives of the Sudurpashchim Province government organized a consultation workshop with Free Kamaiya-Kamalari and Free Haliya communities, where the project was supported. Along with the progress, the Free Kamaiya-Kamalari and Free Haliya communities actively engaged in discussions and continued to provide feedback and support for the procedure.

Subsequently, on Chaitra 15, 2080 (March 28, 2024), the Cabinet meeting passed the "Free Kamaiya, Haliya, and Kamalari Restoration Procedure 2080" as proposed by the Ministry of Internal Affairs and Law and the Ministry of Economic Affairs of the Sudurpashchim Province. This procedure ensures support for the construction of safe housing for Free Kamaiyas-Kamalaris and Free Haliyas, either through land allocation from the Nepalese government and local authorities or through their own land acquisitions, along with provisions for obtaining citizenship certificates and quota allocation for skill training.



# शैक्षिक सामग्री सहयोगपछि विद्यालय फर्कंदै बालबालिका

चौध वर्षीया अरुनिमा थारु बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका-९ मा बस्छिन् । अरुनिमाको परिवार आर्थिक रूपमा कमजोर छ । उनीहरू मुक्त कमैया परिवार हुन् । जम्मा दुई कठ्ठा जमिनमा बनाइएको सानो घर बाहेक उनीहरूको थप सम्पति केही पनि छैन । उनका बुबा ज्यालादारी गर्छन् । अरुनिमा सकेसम्म बुबालाई घरायसी काममा सघाउँछिन् । उनी स्थानीय श्री नेपाल राष्ट्रिय मा.वि. गुलरियामा कक्षा सातमा अध्ययन गरिरहेकी छिन् । उनको एक भाइ पनि उनीसँगै विद्यालय जान्छन् । अरुनिमा भन्छिन्, *"हामी दुई जनालाई कापी, किताब, पोसाक, झोला आदि किनिदिन पनि बुबालाई गाह्रो थियो । साथीहरू राम्रो चिटिक्क परेको झोला र नयाँनयाँ लुगा लगाएर आउँथे, मलाई भने अप्ठ्यारो लागेर विद्यालय जान मन लाग्दैनथ्यो ।"*

उनको समुदायमा रहेको मुक्त कमैया समाजको बैठकमा कुनै सदस्यले अरुनिमाको अवस्थाका बारेमा जानकारी दियो । बैठकले शैक्षिक सहयोगका लागि उनको नाम टिपाएको कुरा थाहा पाएपछि अरुनिमा आशावादी भइन् । उनलाई मुक्त कमैया समाजको सिफारिसमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले शैक्षिक सामग्री र विद्यालय पोसाक सहयोग गऱ्यो । उनी अहिले नियमित विद्यालय गइरहेकी छिन् । उनको पढाइ र सिक्ने क्षमता राम्रो छ । कक्षामा उनी पहिलो वा दोस्रो स्थान हासिल गरिरहन्छिन् ।



अरुनिमा जस्तै पढाइमा अब्बल छन् डोटी जिल्ला शिखर नगरपालिका-७ लाटामाडौँ घर भएका डम्बर दमाई । उनी मुक्त हलिया परिवारका बालक हुन् । आर्थिक अभावका कारण

कक्षा पाँचपछि विद्यालय छाडेका डम्बर अहिले विद्यालय भर्ना भएका छन् । परियोजनाले उनलाई शैक्षिक सामग्री सहयोग गरेपछि उनको विद्यालय यात्रा पुनः सुचारु भएको हो । उनकी आमा कलुदेवी वडास्तरीय हलिया संगठनमा आबद्ध छिन् । समुहको बैठकमा आर्थिक अभावले बालबालिकालाई विद्यालय पठाउन नसकेको बताएपछि छोरा डम्बरले सामग्री सहयोग पाएका थिए ।



परियोजनाले कलुदेवीका छोराछोरी कहिल्यै विद्यालय जानबाट वञ्चित हुन नपरोस् भनेर उनलाई बाख्रा पालनका लागि समेत सहयोग गरिएको छ । परियोजनाबाट तीन दिनको तालिम र २० हजार सहयोग पाएपछि उनले व्यावसायिक बाख्रापालन सुरु गरिन् । उनी भन्छिन्, *"बाख्रापालनबाट मलाई आम्दानी भएको छ । पछिल्लो दुई वर्षमा मैले ८५ हजारको बाख्रा बिक्री गरेको छु । अब म यसैबाट भएको आम्दानीले छोराछोरीलाई उच्च शिक्षासम्म पढाउन सक्छु ।*

आमा कलुदेवीको मेहेनत र परिश्रम देखेका डम्बर पढेर ठुलो मान्छे बन्ने र परिवार तथा समाजका लागि केही राम्रो काम गर्ने सपना सुनाउँछन् । उनी भन्छन्, *"आमाले हाम्रा लागि गरेको सबै दुःखहरू देखिरहेको छु । म निकै मेहनत गरेर पढ्नेछु र पछि ठुलो मान्छे बनेर आमालाई खुसी दिनेछु ।"*

आमा कलुदेवी पनि मुक्त हलिया सञ्जालकै कारण आफ्नो र बालबालिकाको उज्यालो भविष्यको बाटो देखिएको भन्दै संगठनका काममा निरन्तर लागिरहेकी छिन् । मुक्त हलिया समुह र समुदायको अधिकारको पैरवी, मुक्त हलिया पुनर्स्थापनाका लागि वडामा ज्ञापनपत्र बुझाउने र साना व्यवसाय सञ्चालनका लागि सहयोगी स्रोतहरू खोज्ने कार्यमा कलुदेवी लागि रहेकी छिन् ।

मुक्त हलिया तथा कमैया परिवारका बालबालिकाहरू शिक्षाको अधिकारबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले बर्दिया, डोटी, बाजुरा लगायतका परियोजना कार्यान्वयन गरिएका जिल्ला र समुदायमा छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरेपछि विद्यालय छोडका बालबालिकाहरू धमाधम पुनः विद्यालयमा फर्कन थालेका छन् । बाजुरा जिल्ला जगन्नाथ गाउँपालिकाको विद्यालयमा पढाउँदै गरेका शिक्षक सिद्धा विक परियोजनाका कार्यक्रम सुरु भएपछि भर्ना दर बढेको र विद्यालय छाड्ने क्रम घटेको सुनाउँछिन् । उनी भन्छिन् *"पहिला समुदायका बालबालिकालाई विद्यालयमा भर्ना गराउन नै सबैभन्दा ठूलो चुनौती थियो । भर्ना भएकालाई कसरी नियमित गराउने भन्ने अर्को चुनौती थियो । परियोजनाले गाउँगाउँमा सचेतना बढाउँदै, अति कमजोर आर्थिक अवस्था भएकालाई शैक्षिक सामग्री र छात्रवृत्ति समेत उपलब्ध गराउँदै विद्यालय पठाउन थालेपछि विद्यार्थी संख्या बढको छ ।"*



शैक्षिक सहयोग पाएपछि यी तीन वटै जिल्लाका मुक्त हलिया तथा मुक्त कमैया समुदायका बालबालिका विद्यालय तहमा समाहित हुने क्रम बढेको छ । उच्च शिक्षाअन्तर्गत कृषि जेटिए, हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियन जस्ता विषय अध्ययन गर्नेहरू पनि बढेका छन् । शिक्षामा एक प्रकारले मुक्त कमैया तथा मुक्त हलिया परिवारमा नयाँ जागरण सिर्जना भएको छ ।

---

# Students Return to School with Educational Materials Support



Arunima Tharu, 14, lives in Badaiyataal Rural Municipality-9 in Bardiya district. Her family is financially weak and belongs to the freed Kamaiya community. She is studying in grade seven at Shree Nepal Rastriya Secondary School, Gulariya. During a meeting of community level freed Kamaiya committee, a member shared about Arunima's situation. When she learned that her name was recommended for educational support, Arunima became hopeful. Based on the recommendations from the community, the project supported her with educational materials including school uniform. She now attends school regularly and performs well in her studies, often securing the first or second position in her class.

Similarly, Dambar Damai from Latamadau, Shikhar Municipality-7 in Doti district, is also excelling in his studies. He comes from freed Haliya family. Due to financial challenges, Dambar had to leave school after grade five but has now re-enrolled in the school. The project provided him with educational materials, enabling him to resume his schooling. His mother, Kaludevi, is engaged with the ward-level Haliya committee. During a group meeting, she mentioned her financial struggles to sending her children to school, which resulted in the support.

To ensure that her children are never deprived of education, Kaludevi was also supported with goat farming. She participated in a 3-day training on Entrepreneurship development and later received seed support worth NPR. 20,000/- from the project, and started commercial goat farming. She says, *"Goat farming has provided me with a good income. Over the past two years, I have sold goats worth 85,000 rupees. Now, I can use this income to educate my children up to higher levels."*

Ending Agricultural Bonded Labor in Nepal project aims to ensure children from freed Kamaiya and Haliya families to attain their right to education. By providing scholarships and educational materials in districts and communities like Bardiya, Doti, and Bajura, the project has helped thousands of children who had dropped out of school to return and continue their education.



# हलिया पुनर्स्थापनामा युवा नेतृत्व

बाजुराको बुढीनन्दा नगरपालिका-६ कोटिला निवासी विपना विक मुक्त हलिया परिवारकी सदस्य हुन् । आफ्ना परिवारमा छ सदस्य भएकी विपनाले १२ कक्षा पढेपछि विवाह गरिन् र त्यसपछि घरायसी काममा नै संलग्न रहिन् । विभिन्न संघसंस्थाले सञ्चालन गरेका कार्यक्रममा सहभागी भएकी विपनाले समाजमा केही परिवर्तन ल्याउन चाहे पनि अवसर पाएकी थिइनन् । सन् २०२३ मा वडास्तरीय मुक्त हलिया सञ्जालको पुनर्गठन भएको बेलामा विपनाले पहिलो पटक आफ्नो समुदाय सम्बद्ध सञ्जालमा सहभागी हुने अवसर पाइन् । विपनाले पढेलेखेकी हुनाले सञ्जालले बैठकमा लेखापढी गर्न सहज हुने भनेर उनलाई सचिवको जिम्मेवारी दियो । सोही वर्ष कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना अन्तर्गत उनी नेतृत्व विकास सम्बन्धी तालिममा सहभागी भइन्, जहाँ उनले नेतृत्व गर्ने व्यक्तिमा हुनुपर्ने गुण, जिम्मेवारी, आदिका बारेमा जानकारी पाइन् ।



तालिमबाट फर्केपछि विपनाले आफ्नो समुहमा हलियाका हक अधिकार र सञ्जालले गर्नुपर्ने काम-कर्तव्य आदिका बारेमा सबैलाई जानकारी गराइन् । विगतमा हलिया समुदायले ऋणकै कारणले गर्दा बँधुवापनको जीवनयापन गर्नुपरेको तथा गरिबीमा परेको बुझेकी विपनाले समुहमा बचत कार्य गर्न सुरु गरिन् । यस कार्यले समुहमा आबद्ध सदस्यले आपत्-विपद्का बेलामा न्यून ब्याजमा ऋण लगानी गर्न सहज भयो । मुक्त हलिया समुदायका लागि समाज



तथा स्थानीय तहमा आवाज उठाउँदै गरेकी विपनाले परिवारमा भने बेग्लै चुनौती खेप्नुपरेको थियो । विपना सम्झिन्छिन्, *"सुरुका दिनमा समुदायका लागि आवाज उठाउन घर बाहिर जाँदा मैले घरको काममा अल्छी गरेर भागेको लान्छना पनि खेप्नुपरेको थियो तर मैले आफूलाई कमजोर बनाइन ।"*

बुढीनन्दा नगरपालिका अन्तर्गत हलियाहरूका लागि विशेष कार्यक्रम बनाउनका लागि सन् २०२३मा निरन्तर दबाब कार्यक्रमको आयोजना हुँदा विपना पनि निरन्तर सहभागी भइन् । विपनाले यसै क्रममा एक कार्यक्रमका दौरान नगरपालिकालाई मुक्त हलियाको पुनर्स्थापनाका लागि विशेष कार्यविधि बनाउन आवश्यक रहेकोले यस कार्यमा सहयोग गर्न अनुरोध गरिन् । मुक्त हलियाहरूको निरन्तर प्रयास तथा समन्वयका कारण नगरपालिकाले 'मुक्त हलिया पुनर्स्थापना कार्यविधि २०८०' पारित गरेको थियो ।

यसरी २०२३ मा आफ्नो वडामा हलियाका मुद्दा तथा सवाललाई उठान गर्दै आएकी विपनाले पालिकास्तरमा पनि नेतृत्व गर्ने अठोट लिइन् । बुढीनन्दा नगरपालिका अन्तर्गत १० ओटै वडाका मुक्त हलियाको हक-हितका लागि आफूले योगदान गर्ने ठानिन् । त्यस अन्तर्गत सन् २०२४ जनवरीमा पालिकास्तरीय मुक्त हलियाका बीचमा बैठक हुँदा विपनाले आफूलाई अध्यक्षका रूपमा प्रस्तुत गरिन् । वडास्तरीय हलिया सञ्जालमा विपनाको सक्रियता देखेका सबैले उनलाई सर्वसम्मतीले अध्यक्षको रूपमा चयन गरे ।

नगरपालिस्तरीय हलिया सञ्जालका अध्यक्षका रूपमा विपनाले सो सञ्जाललाई पालिकामा दर्ता गर्नुपर्ने विषयमा छलफल चलाइन्, जुन सम्पूर्ण सञ्जालको एकै स्वर बन्यो तर यस प्रक्रियाका बारेमा स्पष्टता भने थिएन । राष्ट्रिय मुक्त हलिया समाज महासङ्घले समुहको विधान, छाप, फोटोकपी आदि कानुनी प्रावधानहरू एकत्रित गर्न सहयोग गऱ्यो । फलस्वरुप २०८० साल चैत १३ गते 'नगरस्तरीय समाज सुधार हलिया सञ्जाल' का नाममा बुढीनन्दा नगरपालिका हलिया सञ्जालनको दर्ता भएको थियो । सञ्जालको दर्तापछि अब मुक्त हलियाले पालिकाबाट सहयोग प्राप्त गरी विभिन्न गतिविधि सञ्चालन गर्न सक्ने भएका छन् ।

मुक्त हलिया समुदायका महिलाहरू घरायसी काममा नै सीमित हुने गरेका बेलामा विपना विक एक उदाहरणीय युवा नेतृत्वका रूपमा उदाएकी छिन् । उनको यो सक्रियता देखेर भाउजु देवाकुमारी विकले पनि आफ्नो समुदायको हकहितका लागि केही गर्नुपर्ने अठोट लिइन् । सन् २०२३को अन्त्यतिर कोटिलामा हलिया सञ्जालको नेतृत्व परिवर्तन हुँदा उनी अध्यक्षको रूपमा स्थापित भइन् । अहिले दुबै नन्द-भाउजु सँगै मिलेर हलिया समुदायका पक्षमा आवाज उठाउँछन् र अरुलाई जागरुक बनाउँछन् ।

...

# Youth Leadership in Haliya Rehabilitation

Bipana Bk, resident of Kotila, Budhinanda Municipality-6, Bajura, is a member of freed Haliya family. In 2023, during the reformation of the ward-level freed Haliya network, Bipana got the opportunity to participate in her community for the first time, where she was given the responsibility of secretary.
That same year, she participated in a training on Leadership Development organized by Ending Agricultural Bonded Labor in Nepal Project, where she learned about the qualities, responsibilities, and other aspects necessary for leadership.



After participating in the training, Bipana shared with her group about the rights of Haliya and the roles and responsibilities of her own community. Understanding that the Haliya community had fallen into poverty due to debts, her group started small scale savings within the members. This initiative made it easier for members to access loans at low interest rates during emergencies.

In 2023, Bipana continuously participated in advocacy activities organized to developed special programs for Haliya in Budhinanda Municipality. During such programs, she requested the municipality to help create specific procedures for rehabilitating freed Haliya. Due to the persistent efforts and coordination of the freed Haliyas, the municipality passed the 'Freed Haliya Rehabilitation Procedure 2080.'

In January 2024, during a municipality level freed Haliya committee meeting, Bipana presented herself for the chairperson. Impressed by her active involvement in the ward-level Haliya network, everyone unanimously selected her as the chairperson. As the municipality-level Haliya network chairperson, Bipana discussed about the need to register the network with the municipality, which was eventually successful. After the network's registration, the freed Haliya can now receive support from the municipality to carry out various activities.



# छोराहरूको उच्चशिक्षाका लागि देवी दमाईको सङ्घर्ष

डोटीको शिखर नगरपालिका–९ की देवी दमाई आफूले दुःख खेपेर भए पनि आफ्ना छोराहरूलाई उच्चशिक्षा अध्ययन गराई सक्षम नागरिक बनाउने प्रतिज्ञा गरेकी छिन् । सन्तानले आफूले जस्तै जीवन निर्वाहका लागि जमिन्दारको घरमा श्रम गर्न बाध्य हुन नपरोस् भन्नेमा उनी सचेत छिन् । समुदायमा गठन गरिएको हलिया सञ्जालमा आबद्ध भएपछि देवीको सोचमा परिवर्तन आउन थालेको हो । सञ्जालमा निरन्तर सञ्चालन हुने अधिकारमा आधारित छलफल र अन्तर्क्रियाले उनी जस्तै अन्य सदस्यहरूको चेतनास्तरमा ठूलो परिर्वतन आउन थालको छ ।

देवीका तीन छोरासहित चार जनाको परिवार छ । वि.सं. २०४२ मा देवीका ससुरा बिरे दमाई बिरामी हुँदा लिएको ऋणको ब्याज तिर्नका लागि देवी र उनका श्रीमान् हरी दमाईले साहुको घरमा काम गरेका थिए । साहुको घरमा दुई दशकसम्म काम गर्दा पनि उनको परिवारले लिएको रु १० हजार ऋण जस्ताको तस्तै थियो । उनीहरूले ब्याज कटौतीको लागि मात्रै काम गर्दथे । जटिल रोगका कारण वि.सं. २०६९मा देवीका श्रीमान्को मृत्यु भयो । श्रीमान्को मृत्युपछि जमिन्दारको घरमा काम गर्दै आएकी देवीको जीवन निकै कष्टकर रह्यो । एकातिर छोराहरूलाई पढाउने इच्छा त थियो तर अर्कोतिर जमिनदारले ऋण लगे बापत छोराहरूलाई हलियाको रूपमा काम लगाउने धम्की दिँदै आएका थिए ।



सन् २०२१ मा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाको समन्वयमा शिखर नगरपालिकाका १० वटा वडाहरूमा

वडा तथा पालिकास्तरीय हलिया सञ्जाल गठन गरिए । प्रत्येक महिना नियमित बस्ने बैठकमा मुक्त हलियाका समस्या तथा सवालहरूको बारेमा छलफल हुने गर्दथ्यो । बैठकमा सबैले बँधुवा श्रमिकका रूपमा काम गर्दा आफुले भोगेका समस्याहरू एकअर्कालाई सुनाउने गर्दथे । सञ्जालको बैठकमा मुक्त हलियाका अधिकारका लागि बस्ती, वडा र नगरपालिकामा दबाबमूलक अभियानको कार्ययोजना निर्माण गरी कार्यक्रमहरू हुन थाले । शिखर नगरपालिका-९ मा घरदैलो अभियान, सडक नाटक, अन्तर्क्रिया जस्ता



कार्यक्रमहरू सञ्चालन गरिए । सन् २०२२ को अन्त्यतिर मुक्त हलिया सञ्जालको बैठकमा देवीले उनका छोराहरूलाई पढाई छुटाएर साहुको घरमा काम गर्न पठाउन थालेको विषयमा छलफल भयो । यतिन्जेलसम्म देवी सञ्जालमा आबद्ध थिइनन् । सञ्जालका सदस्यहरूले देवीलाई पनि समुहमा आबद्ध गर्ने र उनको छोरालाई साहुको कामबाट छुटाएर पुनः विद्यालय पठाउने निर्णय गर्‍यो ।

सञ्जालको सहकार्यमा जनप्रतिनिधि तथा प्रहरी लगायतले समुदायमा नै गएर देवीका साहुलाई बालबालिकाहरूलाई काममा नलगाउन अनुरोध गरेपछि देवीका छोरा निरन्तर विद्यालय जान थाले । देवी भन्छिन्, *"वि.सं .२०६७ मा गाउँका कैयौंले हलिया परिचयपत्र पाए तर हामीले पाउन सकेनौं । म शारीरिक र आर्थिक रूपमा निकै कमजोर छु तर अहिले हलिया सञ्जालमा आबद्ध भएपछि मेरो आत्मविश्वास बलियो भएको छ । अन्यायविरुद्ध आवाज उठाउनैपर्छ भन्ने मेरो सिकाइ रहेको छ ।"*

अहिले देवीका छोराहरू क्रमश कक्षा ४ र ८ मा अध्ययन गर्दैछन् । उनीहरूको पढाइ राम्रो छ । साहुको घरमा काम गर्न छोडेपछि आयआर्जका लागि उनले बाख्रापालन सुरु गरेकी छिन् । यसका लागि उनलाई मुक्त हलिया सञ्जालको समन्वयमा नगरपालिकाले सहयोग गरेको थियो । बाख्रापालनबाट भएको अम्दानीलाई जम्मा गरेर उनले साहुको ऋण तिरेकी छिन् ।



देवीले समुहको बैठकमा एकल महिलाहरूले स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता पाउने जानकारी पाइन्, सोका लागि प्रक्रिया सुरु गरिन् र राज्यले दिने सुविधाको उपभोग गर्न थालिन् । उनी भन्छिन्, *"श्रीमान् गुमाएपछि संसार अँध्यारो देखेको मैले अब समाजसँग सङ्घर्ष गर्न सिकेको छु । अब यही सञ्जालका सदस्यहरूसँग मिलेर हामी छुट भएका मुक्त हलिया परिवारलाई गणनामा राख्न पहल गर्नेछौं । मुक्त घोषणा भएका परिवारको न्यायिक पुनर्स्थापनाका लागि पनि हामी मिलेर दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्नेछौं । "*

---

# Breaking Free: Devi Damai's Journey from Bondage to Empowerment in Shikhar Municipality

Devi Damai lives in Shikhar Municipality-9, Doti District, has four members in her family including two sons. Devi and her husband, Hari Damai, were employed in the landlord's house to pay off the interest on a loan taken in 2042 BS when Devi's father-in-law, Bire Damai, was sick. Despite working in the landlords' house for two decades, the loan of Rs 10,000 taken by her family remained unchanged. They used to work only for interest reduction. When Devi's husband died in 2069 BS Devi's life became miserable, as she had to work in the landlord's house. On the one hand, she wanted her sons to be educated, but on the other hand, the landlord was threatening force her sons work as Haliyas for taking the loan taken.

In 2021, through the support of the project "Ending Agricultural Bonded Labor in Nepal," municipality-level Haliya network was established and 10 ward level committees were of Shikhar municipality were also reformed. During the community level meeting, programs were initiated by developing action plans for to raise pressure in settlements, wards, and municipality to advocate for the rights of liberated women. During a ward level meeting in end of 2022, it was revealed that Devi had dropped her sons from school and sent them to work at the landlord's house. Until then, Devi was not involved with the Haliya network. The members of the network decided to welcome Devi into the group and help her sons return to school by freeing him from the landlord's work.

With the coordination between of the network, along with the initiative of local representatives and the police, Devi's son started going to school regularly. On the network's recommendation, she also received seed capital for goat rearing



from the municipality to enhance her living conditions. Her wish to send her sons to school was fulfilled when she started earning income by selling goats. Now both of her sons are studying in primary level. With a dream of providing her children with higher education, she manages her time to attend the network's meetings. There, she raises her voice for the community's welfare.



# किराना पसल र अधिकारको आन्दोलन सँगसँगै

फुलाराम थारु बर्दियाको बढैयाताल गाउँपालिका–९ टेशनपुरमा बस्छन् । किराना पसल व्यवसाय गर्ने उनी खेतीपातीको काम पनि सँगै गर्छन् । सरकारले २०५७ सालमा कमैया मुक्तिको घोषणा गरेसँगै फुलारामको जीवनमा परिर्वतन भयो। घोषणापछि सरकारबाट प्राप्त चार कठ्ठा जमिनमा उनले सानो घर बनाए। बाँकी जमिनमा तरकारी र अन्नबाली लगाएका छन् तर थोरै जमिनमा गरिने खेतीपातीले फुलारामको नौ जनाको परिवारको गुजारा चल्न सम्भव थिएन।

गरिबीका बाबजुद फुलाराम मुक्त कमैया आन्दोलनमा निरन्तर लागिरहे। घर खर्च र व्यवहार मिलाउनुपर्ने भएकाले उनलाई सङ्गठनमा समय दिन कठिन थियो। समुह पनि सक्रिय हुन सकेको थिएन। कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले फुलाराम आबद्ध भएको मुक्त कमैया समाजको पुनर्गठनमा मद्दत गऱ्यो र उनी त्यसको अध्यक्ष पनि बने। सङ्गठनको बैठक नियमित हुन थाल्यो । बैठकमा मुक्त कमैयाका अधिकार, जीविकोपार्जन, छुट मुक्त कमैयाको गणना जस्ता सवालमा हुने निरन्तरको छलफलले समुदाय थप सशक्त बन्न थाल्यो।



यसै बीच परियोजनाले गरिबीमा रहेका मुक्त कमैयाहरूलाई जीविकोपार्जनमा सहयोग गर्ने कार्यक्रम ल्यायो । सो कार्यक्रमका लागि समुदायले फुलारामलाई छनोट गरेपछि उनले किराना पसल सञ्चालनका लागि बिउ पुँजी प्राप्त गरे । परियोजनाबाट पाएको सहयोगमा

केही रकम थप गरी किराना पसल सुरुवात गरेपछि उनको आम्दानीको श्रोत बढ्न थाल्यो । किराना पसलबाट व्यवसाय सुरु गरेका उनले मासु पसल र खाजा पसल समेत चलाइरहेका छन् ।

घर खर्च चलाउने चिन्ता हटेपछि अब फुलाराम सङ्गठनमा थप सक्रिय हुन थालेका छन् । उनको नेतृत्व सीप र क्षमता पनि बढेको छ । थारु समुदायमा प्रचलनमा रहेका बडघरको भूमिका पनि उनैले निर्वाह गरिरहेका छन् । उनी समुदायको अधिकारका लागि आवाज उठाइरहन्छन् । स्थानीय सरकार र सेवा केन्द्रलाई समुदाय लक्षित कार्यक्रमहरू तयार गर्न उनी दबाब दिन्छन् । ती केन्द्रमा सेवा लिन जान समुदायलाई उत्प्रेरित गर्छन् ।

उनी भन्छन्, *"मुक्त कमैयाका रूपमा मैले म जस्तै बँधुवा मजदुरहरूरू मुक्त कमैया, भूमिहीन सुकुम्बासीहरूको माग तथा सवालहरूको नेतृत्व गर्न पाएको छु । स्थानीय सरकारसँग योजना माग गरि विकास निर्माणको काममा अगुवाई गर्न पाएको छु । समुदायको अवस्थामा परिर्वतन हुँदै गएको देख्दा मलाई निकै खुसी लाग्छ । "*



फुलाराम अहिले स्थानीय सङ्गठनसँगै लुम्बिनी प्रदेशस्तरीय मुक्त कमैया समाजको सचिवको भूमिका पनि निर्वाह गरिरहेका छन् । उनी भन्छन्, *"अधिकार प्राप्तिका लागि आन्दोलन र विचारको निरन्तरता चाहिँदो रहेछ । मुक्त कमैयाहरूको न्यायोचित पुनर्स्थापना र दिगो जीविकोपाजर्नको सुनिश्चितता नहुँदासम्म म अभियानमा लागिरहन्छु ।"*

---

## Phularam's Journey: From Grocery Store to a Leader

Phularam Tharu lives in Badhaiyataal Rural Municipality-9 Teshanpur, in Bardiya. He runs a grocery store and engages in farming. Phularam's life changed with the government's decision to abolish Kamaiya system in 2057 BS. He built a small house on the land received from the government after the abolition of Kamaiya System. The rest of the land is planted with vegetables and grain crops, but due to the small amount of land, it was difficult for Phularam's family of nine to make a living.

Despite poverty, Phularam continued to contribute to the free labor movement. However, it was difficult for him to give more time to the community as he had to take care of his family and arrange household expenses. The community itself was also not active. Ending Agricultural Bonded Labor in Nepal project supported in the reformation of the Freed Kamaiya Palika level committee in which Phularam was engaged. With the reformation, Phularam became the chairperson and the committee meetings started to be held regularly. The community grew stronger and empowered through discussions in the meeting about workers' rights, livelihood and the unregistered Kamaiya families.

At the same time, the project introduced a program to help freed workers living in poverty to earn a livelihood. The community selected Phularam for the program and he received seed capital for the operation of the grocery store. After he started a grocery store with the help he got from the project, his source of income started to increase. He began his business from a grocery store and has expanded to a meat shop and a snack shop.

Now that Phularam doesn't have to worry about household expenses, he's become more involved in his committee, where he regularly coordinates with the ward and local government for the betterment of his community members.



# ठेला व्यवसायले बदलिएको फुलमतीको दैनिकी

मेरो नाम फुलमती थारु हो । म बर्दिया जिल्लाको बाँसगढी नगरपालिका–९ बसन्तटोलमा बस्छु । हाम्रो सात जनाको संयुक्त परिवार छ । सरकारले वि.सं. २०५७ सालमा कमैया मुक्ति घोषणा गरेसँगै उपलब्ध गराएको पाँच कठ्ठा जग्गा बाहेक हामीसँग थप सम्पत्ति केही छैन । घर खर्च चलाउन मजदुरी गर्ने क्रममा मेरा श्रीमान् कहिले नेपालगञ्ज त कहिले भारतका विभिन्न ठाउँमा पुग्ने गरेका छन् ।

हामीलाई श्रीमान् श्रीमती मिलेर केही काम गर्न सके हुन्थ्यो भन्ने त लाग्थ्यो तर आर्थिक दुरावस्था र सीपको अभावका कारण हामी अल्मलिएका थियौं । यत्तिकैमा मलाई छिमेकको एक जना दिदीले हाम्रो समुदायमा गठन गरिएको मुक्त कमैया समाजका बारेमा बताउनुभयो । सङ्गठन हामी जस्तै समुदाय र परिवारको हकहितका लागि गठन गरिएको रहेछ । मलाई पनि उक्त सङ्गठनमा सहभागी हुन मन लाग्यो र सदस्य बनें । सङ्गठनमा हुने बैठक र छलफलमा मेरो रुची बढ्दै गयो । म प्रत्येक छलफलमा भाग लिन्थें ।



यसै क्रममा हाम्रो सङ्गठनको सुदृढीकरणमा सघाइरहेको 'कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना'ले म लगायत मेरा समुहका अन्य साथीहरू तीन दिने उद्यमशीलता विकास सम्बन्धी तालिममा सहभागी भयौं । तालिममा व्यवसाय गर्दा ध्यान दिनुपर्ने कुरा, व्यावसायिक योजना निर्माण, सम्भावित जोखिम जस्ता विषयमा ज्ञान सीपहरू दिइएको थियो । तालिम पाएपछि ममा केही उद्यम गरौं भन्ने सोच

अझ बढेर आयो । परियोजनाकै कार्यक्रम अर्न्तगत आर्थिक रूपमा कमजोर परिवारका महिलाका लागि जीविकोपाजर्नमा सहयोग गर्ने उद्देश्यले प्रस्ताव माग गरिएको रहेछ। यो कुरा पनि मैले समुहबाट नै थाहा पाएँ । मैले उक्त कार्यक्रमका लागि ठेलामा चटपटे पसल गर्ने सोचका साथ प्रस्ताव पेश गरे । परियोजनाले मेरो प्रस्ताव छनोट गऱ्यो र रू. २० हजार व्यवसाय सञ्चालनका लागि सहयोग दियो । त्यसैमा केही रकम थप गरी मैले सामान बेच्न ठेला र अन्य सामग्रीहरू किनेको थिएँ।

सुरुमा ठेला चलाउन निकै अप्ठ्यारो थियो तर विस्तारै बानी पर्न थाल्यो । ठेलामा पानीपुरी, चटपटे, र अन्य समाग्रीहरू बिक्री गर्न थालें । ठेलामा सामान थोरै देखिए पनि कमाइ राम्रो हुँदोरहेछ। त्यसमा पनि नगद रूपैयाँ आउँदा अझ खुसी लाग्छ। म हाम्रो घर नजिकैको चिसापानी टोलमा बिहीबारका दिन लाग्ने मेलामा ठेला लैजान्छु। मेलामा जाँदा बढी बिक्री हुने भएको हुनाले म घरका अरु सदस्यहरूलाई पनि सँगै लिएर जान्छु। यसले मलाई व्यापार गर्न सजिलो हुन्छ। मैले व्यवसाय सुरु गरेको करिब चार महिनामै रू. ७२ हजार आम्दानी गरें ।





व्यवसाय सुरु गरेपछि खर्चका लागि श्रीमान्को मुख ताक्नु परेको छैन । म आफै घरायसी खर्च जुटाउन सक्षम भएको छु। पहिला श्रीमान्ले कहिले पैसा पठाउँछन् र घर व्यवहार चलाउँला भनेर आश गर्दै बस्नु पर्दथ्यो। श्रीमान्को ज्यालामा मात्र आश्रित हुनुपर्ने बाध्यता थियो तर त्यो बाध्यता अहिले छैन । मेहनत गरेपछि फाइदा हुने कुरा बुझेपछि मैले परम्पर ागत रूपमा पाल्दै आएको बाख्रापालनलाई पुनः सुचारु गरेको छु। ठेलाबाट भएको आम्दानीको उपयोग गर्दै बाख्राको संख्या बढाएको छु । मेरो खोरमा अहिले नौ वटा बाख्रा छन् । यसले आम्दानीको स्रोत अझ बढेको छ । अहिले मैले कारोबारका लागि आफ्नै नाममा बैंक खाता खोलेको छु। आफ्नै बैंक खाता भएपछि श्रीमान्लाई घरमा पैसा पठाउन पनि सहज भएको छ।

मुक्त कमैया समाजका कार्यक्रमहरूमा सहभागी भएपछि मेरो दैनिकी परिवर्तन भएको छ । मसँगै मेरा समुदायका अन्य धेरै साथीहरू अहिले यसरी नै व्यवसाय गरि जीविकोपार्जन गरिरहेका छन् । समुदाय नै उद्यमशीलताको बाटोमा अघि बढ्दा हाम्रो समुदायको आत्मनिर्भरता बढेको छ । यो प्रयासमा हामीलाई अघि बढाउन मद्दत गर्ने कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनालाई म धेरै धेरै धन्यवाद भन्न चाहन्छु।

---

# Phoolmati Tharu's Path to Independence: From Bonded Labor to Entrepreneurial Success in Bardiya District

My name is Phoolmati Tharu. I live in Basanttol, Bansgadhi Municipality-9, Bardiya district. We have a joint family of seven members. Apart from 5 'Kattha' land, provided by the government, we don't have other property. To manage household expenses, my husband often went to Nepalgunj or various places in India for work.

During this time, Ending Agricultural Bonded Labor in Nepal Project, which supported in strengthening capacity of our Kamaiya community, provided a 3-day long entrepreneurship development training for us. After the training, I submitted a proposal to start a street cart business selling 'chatpate'. My proposal was selected, and I received NPR. 20,000/- to help start the business. I invested few of my own money to buy a cart and other materials. My business is doing well now, and I've been able in managing household expenses, easier than before.

After understanding that hard work pays off, I resumed my traditional goat farming. With the income from my cart business, I have increased the number of goats. Now, I have opened a bank account in my name for transactions. Having my bank account has made it easier for my husband to send money home.



Participating in the programs of the Freed Kamaiya Society has changed my daily life. Many of my friends in the community are now also running their businesses and earning a living in this way. As our community moves towards entrepreneurship, our self-reliance has increased. I want to express my sincere thanks to the Project for helping us move forward in this effort.



# परम्परागत सीपबाट जीविकोपार्जन गर्दै हर्क

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका– जुकोटका हर्क विक फलामको काम गर्छन् । आरन सञ्चालन गरी फलामका भाँडाकुँडा र हातहतियार बनाउने उनको पुर्ख्यौली पेशा हो । हर्कसँग फलामका सामग्री तयार गर्ने सीप छ । तर यो सीप र कामबाट उनले आर्थिक लाभ लिन सकेका थिएनन् । उनी गाउँका मानिसका लागि आवश्यकता अनुसारका सामग्री तयार गरिदिन्थे र त्यसबाट ज्याला स्वरुप थोरै अन्न पाउँथे । स्थानीयहरू यसलाई खलो दिने भन्छन् । यसबाट बचेको समय उनी साहुको घरमा वा खेतबारीमा काम गर्दथे । उनको सिङ्गो परिवारको जीविका यसरी नै चलेको थियो ।

सरकारले हलिया मुक्तिको घोषणा गरेसँगै हर्कको दैनिकी र सोच पनि बदलियो । उनी स्वतन्त्र भएर काम गर्न चाहन्थे । आफुले जानेको फलामको भाँडा बनाउने परम्परागत सीपलाई उनी व्यवसयमा रुपान्तरण गर्न चाहन्थे । तर आर्थिक अभावका कारण उनको सोच कार्यान्वयन हुन सकेको थिएन । समुदायमा मुक्त हलिया समाज गठन गरिएको थियो । हर्क पनि त्यस समुहको सदस्य हुन् । उनीहरू आफ्ना समस्या र सवालहरू उक्त समुहमा राख्ने गर्दथे । समस्या समाधानका उपायबारे छलफल चलाउँथे ।



कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले यी मुक्त हलिया समुहहरूको पुनर्गठन र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरेपछि हर्क जस्ता मुक्त हलिया परिवारको जीविकोपार्जन सुधारमा मद्दत पुगेको छ ।



परियोजनाले मुक्त हलिया परिवारको जीविकोपार्जनमा सहयोग पुग्ने गरी उद्यमशीलता विकासको तालिम सञ्चालन गऱ्यो । हर्क तालिममा सहभागी भए । उनले व्यवसाय सुरुवात र त्यसको दिगो सञ्चालन कसरी गर्ने भन्ने जानकारी तालिममा प्राप्त गरे । आफुसँग भएको फलामका सामग्री बनाउने सीपलाई अब आम्दानीको श्रोत बनाउन सकिनेमा हर्क निश्चित थिए । परियोजनाले व्यवसाय सुरुवात गर्न बिउपुँजी समेत प्रदान गरेपछि उनले आरन व्यवसायलाई पुनः सुचारु गरे । प्राप्त सहयोग रकमबाट उनले कच्चा फलाम र आरन सञ्चालनका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू व्यवस्थापन गरेका थिए ।

उनको व्यवसाय स्थानीय बजार पिलुचौरमा छ । पिलुचौरमा मानिसको जमघट र आवतजावत धेरै हुने भएकाले उनका ग्राहक बढेका छन् । उनी मेहनती छन् । उनी कुटो, को दालो, हँसिया, हथौडा, खुकुरी, खुँडा, बेल्चा जस्ता औजारमा आफ्नो सीप उतार्छन् र बिक्री गर्छन् ।

व्यवसाय फस्टाएपछि हर्क खुसी छन् । *"पहिला दिनभरी साहुकोमा हलो जोतिन्थ्यो, साँझ बिहान मेहनत गरेर उनै जमिन्दारका लागि औजार बनाइन्थ्यो । त्यसबाट थप आम्दानी केही थिएन । तर अब प्रत्येक मेहनतको कमाइ आफ्नो हुन थालेको छ "*, उनी उत्साह व्यक्त गर्छन् । हर्कले अहिले यो व्यवसायबाट मासिक रू. १५ हजारसम्म आम्दानी गरिरहेका छन् ।

यो आम्दानीले उनको परिवार चलेको छ । आरनसँगै उनले तरकारी तथा फलफूल व्यापार पनि सुरु गरेपछि आम्दानीको बाटो थप फराकिलो भएको छ । उनी थप्छन् *"व्यवसायलाई विस्तार गरि अझै ठूलो बनाउने सोचमा छु । प्रयास गर्दा आफ्नै खुट्टामा उभिन सकिने रहेछ भन्ने बुझेको छु । म मुक्त हलिया सञ्जालको बैठकमा अन्य सदस्यहरूलाई आयआर्जनका काममा लाग्न सल्लाह दिन्छु ।"* व्यवसाय सुरुवातको लागि स्रोतको पहिचान गर्न तथा पालिका लगायतका स्थानीय निकायबाट प्राप्त हुन सक्ने सेवासुविधा बारे सोधखोज गर्ने र त्यसबाट लाभ लिने काममा समेत उनी समुहको नेतृत्व गर्छन् । हर्क भन्छन्, *"परम्परागत सीपलाई आधुनिक तरिकाबाट अघि बढाउँदा राम्रो आम्दानी प्राप्त गर्न सकिने रहेछ ।"*

आफूले परम्परादेखि गर्दै आएको सीपको प्रयोगबाट आम्दानी हुन थालेकोमा फुरुङ्ग परेका हर्क आफूसँगै समुदायका सबै परिवारको आर्थिक उपार्जन बलियो भएको देख्न चाहन्छन् ।

---

# Transforming Traditional skills to Entrepreneurship

Harka BK from Swamikartik Khapar Rural Municipality, Jukot, Bajura, is well-skilled in making iron tools. However, he was not able to earn much from this skill and work. He used to make necessary tools for the villagers and in return, he would get a small amount of grain as payment.

When the government abolished the Haliya system, Harka's daily life and mindset changed. He wanted to work freely and turn his traditional skill of making iron tools into a business. However, due to financial constraints, he was unable to implement it.

Ending Agricultural Bonded Labor Project in Nepal has been supporting in improving the livelihood of freed Haliya families, like Harka’s by reorganizing and providing capacity-building programs. The project conducted entrepreneurship development training to support the livelihood of freed Haliya families. Harka participated in the training, where learned to start and sustainably run a business.

Harka was confident that he could turn his ironworking skill into a source of income. The project also provided seed money to start his business, which allowed him to restart his blacksmith business. With the support, he managed to acquire raw iron and the necessary materials and equipment for his business.



His business is located in Piluchaur, a local market with a high mobility, which has increased his customer base. Harka is hardworking and applies his skills to make and sell tools like hoes, sickles, hammers, knives, and shovels.

Harka is happy as his business is flourishing. He is thrilled that he is now earning an income from his traditional skills and wants to see the economic improvement of all families in his community along with himself.




# व्यावसायिक बन्दै मुक्त बँधुवा श्रमिकहरू

थोरै ऋणको ब्याज भुक्तानीमा जीवनभर बँधुवा श्रमिकका रूपमा साहुको सेवा गरेका हलिया, कमैया तथा कमलरीहरूको अवस्था अहिले फेरिएको छ। नेपाल सरकारले वि.सं. २०५७ मा कमैया मुक्तिको घोषणा गरेपछि स्थानीय सरकार तथा कयौं संस्थाहरूले उनीहरूको आधारभूत अधिकार र जीविकोपार्जन सुधारका लागि प्रयास गरे। तालिम दिए, बिउपुँजीका लागि स्रोत पहिल्याउन मद्दत गरे। फलस्वरुप स्वःउद्यममा लाग्नेहरूको संख्या बढ्न थाल्यो। डोटीको शिखर नगरपालिकाकी पाना कामीको उद्यम यात्रालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। पाना कामी ३६ वर्षकी भइन्। उनका श्रीमान्सँगै उनले दशकौंसम्म साहुको घरायसी तथा खेतीपातीको काममा बिताइन्। यसबाट पाइने थोरै अन्नले उनको छ जनाको परिवारलाई हातमुख जोर्न सहज थिएन।

वि.सं. २०६५मा हलिया मुक्तिको घोषणासँगै उनीहरू स्वतन्त्र भए तर आम्दानीको भरपर्दो स्रोत नहुँदा उनीहरूमा थप चिन्ता बढ्नु स्वभाविक थियो। उनी भन्छिन्, *सरकारले हलिया मुक्तिको घोषणा त गऱ्यो तर रोजगारी र आम्दानीको अभावमा हामीले मुक्तिको महसुस गर्न पाएनौं।"*




शिखर नगरपालिका-३ कि ३३ वर्षीया मनु विकको अनुभव पनि उस्तै छ। उनी मुक्त हलियाको लगत सङ्कलनमा छुट्न पुगिन्। मुक्तिको घोषणापछि उनी साहुको कामबाट त मुक्त भइन् तर न त रोजगारी न सरकारले दिने प्रोत्साहन नै। मनुको



परिवार समस्यामा थियो । गर्जो टार्न उनका श्रीमान् भारत गएर चौकीदारी गर्न थाले । एउटा साहुबाट मुक्त भएको घोषणा गरिएता पनि गुजाराका लागि भारतमा अर्को साहुकोमा आश्रित हुन जानु परेकोमा मनुलाई नराम्रो लागेको थियो ।



*"हामीलाई हलिया मुक्ति घोषणा मात्र चाहिएको थिएन, हामीलाई आर्थिक सङ्कटबाट पनि मुक्ति चाहिएको थियो, परनिर्भरताबाट मुक्ति चाहिएको थियो ।"* उनले आक्रोश पोखिन् ।

बर्दिया जिल्ला राजापुर नगरपालिका-१० बस्ने जया चौधरी मुक्त कमैया परिवारकी सदस्य हुन् । उनको अनुभव पनि डोटीकी मनु विक र पाना कामीको जस्तै छ । कमैया मुक्तिको घोषणा हुँदा सरकारबाट थोरै जग्गा प्राप्त भयो तर जीविकोपार्जनको आधार बलियो नहुँदा जीवन धान्नै धौ धौ थियो उनको परिवारका लागि ।

तर अहिले यी तिनै जनाको सङ्घर्षको कथा बदलिएको छ । डोटीका मनु र पाना बाख्रापालनबाट आम्दानी गरिरहेका छन् भने बर्दियाकी जया बंगुरपालनबाट लाभ लिइरहेकी छिन् । कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले उनीहरू आबद्ध मुक्त हलिया तथा कमैया सङ्गठनहरूको पुनर्गठन तथा क्षमता विकासका कार्यक्रममा मद्दत गरेपछि उनीहरूको उद्यम यात्रा सुरु भएको हो ।

जयाको खोरमा पहिला परम्परागत रूपमा पालिएको एउटा मात्रै बंगुर थियो । उनले परियोजनाले आयोजना गरेको उद्यमशीलता विकासको तालिममा सहभागी हुने अवसर प्राप्त गरेपछि बंगुरपालनलाई व्यावसायिक बनाएर फाइदा लिन सकिन्छ भन्ने कुरा सिकिन् । उनी भन्छिन्, *"तालिम नभएको भए म अहिले पनि केही वर्ष अगाडि जस्तै ज्याला मजदुरीमा नै भर परिरहेको हुन्थें । घरखर्चका लागि श्रीमान्को भर परिरहने अवस्था आउँथ्यो ।"*

उनको समुहले उनलाई उद्यमशीलताका लागि छनोट गर्‍यो र परियोजनाले बिउपुँजीका रूपमा रू. २० हजार सहयोग गर्‍यो । यो रकममा उनीहरूले ज्याला मजदुरी गरेर जम्मा गरेको लगानी थपेर खोर बनाए । श्रीमान्सँग मिस्त्री काम गर्ने सीप भएकाले उनीहरू खोर तयार गर्न आफै खटिए, खर्च पनि कम लाग्यो । उनले बंगुर थपे । पहिलो वर्षमा नै २२ पाठापाठी खोरमा भएपछि उनले त्यसलाई बेचेर रू. एक लाख बढी आम्दानी गर्न सफल भए । अहिले उनको खोर मा २१ पाठापाठी छन् । आम्दानी बढेपछि उनीहरूले पाँच कठ्ठा जमिन समेत किनेका छन् । उक्त जमिनमा व्यावसायिक तरकारी खेती पनि सुरु गरेका छन् । बंगुरपालनबाट तयार भएको प्राङ्गारिक मल प्रयोग गरेर खेती गर्दा तरकारी सप्रिएका छन् ।

जया सकेसम्म समुहको बैठकमा जान्छिन् र छलफलमा भाग लिन्छिन् । उनी बस्तीस्तरीय मुक्त कमैया सञ्जालका अध्यक्ष हुन् भने पालिकास्तरीय सञ्जालका सदस्य पनि हुन् । उनी समुहको छलफलको नेतृत्व गर्छिन् । बंगुरपालनको व्यावसायिक अनुभव उनी समुहमा सुनाउँछिन् र अरुलाई पनि आत्मनिर्भर बन्न उत्प्रेरित गर्छिन् । उनी थप्छिन्, *"पहिला समुहको बैठकमा जान त मन लाग्थ्यो तर ज्याला मजदुरी गर्न जानुपर्ने बाध्यताका कारण नियमित सहभागी हुन सकेकी थिइन् । अहिले समय मिलाएर सबै बैठकमा सहभागी हुन्छु । सङ्गठनको सहकार्यमा मुक्त कमैयाको समस्या र सवालका*



*बारेमा छलफल गरी वडामा समन्वय गर्ने, मुक्त कमैया समुदायको अधिकार संरक्षणका लागि सरोकारवालाहरूलाई खबरदारी गर्ने जस्ता काममा पनि लागिरहेकी छु।"* उनकै पहलमा छिमेकी देवन्या थारुले पनि किराना पसल सुरु गरेकी छिन्।

डोटीकी पानाले पनि यसरी नै बाख्रापालनबाट आम्दानी गरी आफूलाई व्यावसायिक बनाइसकेकी छिन्। परियोजनाले तालिमसँगै बिउपुँजी सहयोग गरेपछि उनले बाख्रापालन व्यवसाय सुरु गरेकी थिइन्। उनी भन्छिन्, *"आफूसँग एक रूपैयाँ नहुँदा मैले निकै दुःख पाएँ। बाख्रा सहयोग पाए पछि मैले धेरै मेहनत गरेर बाख्राहरूको रेखदेख गरें। मेहनत अनुसार फाइदा पनि भयो। दुई वटा पाठी बेचेर छिमेकीबाट लिएको रू. १८ हजार ऋण चुक्ता गरें। समयमा ऋण चुक्ता नगरे मेरा छोराछोरीलाई हलिया बनाउने धम्की आएको थियो। यो सानो आम्दानी मेरो लागि कमाई मात्र थिएन, मेरो छोराछोरीहरूको भविष्य पनि थियो।"*

स्थानीय मुक्त हलिया सञ्जालमा आबद्ध भएपछि उनको जीवन भोगाइ परिर्वतनमा सहयोग पुगेको हो। जीविकोपाजर्नमा मद्दत पुगेसँगै उनीहरूको सामाजिक सशक्तीकरणमा पनि मद्दत पुगेको छ। उनी सुनाउँछिन्, *"सञ्जालमा आबद्ध भएपछि म खुलेर परिचय दिन र समुहमा बोल्न सक्ने भएकी छु। नागरिकता, विवाहदर्ता जस्ता प्रमाणहरूको महत्वका बारेमा बुझें, बालबालिकाकालाई विद्यालय पठाउनु पर्ने कुराहरू थाहा पाएँ।"* उनी थप्छिन्, *"हाम्रो समुहमा हलिया समुदायका हक अधिकार र हलिया परिवारमाथि भएको विभेदको अन्त्य कसरी गर्ने भन्ने बारेमा छलफल हुने गर्दछ। म पनि यो अभियानमा निरन्तर लागिरहेकी छु। हाम्रो समुहद्वारा यस्ता विभेदको अन्त्यका लागि घरदैलो अभियान, सडक नाटक, वडा तथा नगरपालिकामा अधिकारका लागि ज्ञापनपत्र बुझाउने जस्ता क्रियाकलापहरू पनि हुँदै आएका छन्। "*

उता मनुको बाख्रापालन व्यवसाय पनि फस्टाउदै गएको छ। उनी पनि स्थानीय मुक्त हलिया सञ्जालकी सदस्य थिइन्। उनलाई पनि परियोजनाले तालिम र बिउपुँजी दियो। उनले बाख्रापालन सुरु गरिन्। अहिले उनको खोरमा १० ओटा बाख्रा छन्। उनी भन्छिन्, *"अब यसलाई बढाएर २० ओटा बनाउने लक्ष्य छ। मेहेनत गर्दा सफल हुन सकिने रहेछ भन्ने बुझेकी छु।"* उनी हलिया सञ्जालको बैठक सकेसम्म छुटाउँदिनन्।

प्रस्तुत तीन उद्यमीहरूको जीवन भोगाइ र उद्यमयात्रा अरु आर्थिक अवस्था कमजोर भएका व्यक्ति समुदायका लागि उत्प्रेरणा त भएकै छ, उद्यमशीलताका कार्यक्रम सञ्चालन गर्न चाहने अन्य सामाजिक संस्था तथा स्थानीय सरकारका लागि समेत एक सिकाइको स्रोत साबित भएको छ।

---

# From Bonded Labor to Business Owners: The Inspiring Journeys of Pana Kami, Jaya Tharu, and Manu BK

Haliya, Kamaiya, and Kamlari, who spent their lives working for landlords to repay small debts changed with the declarations of emancipation in different stages of history. The governments and different organizations have worked to improve their basic rights and livelihoods by providing them with training and finding the resources.

As a result, former bonded labour communities have transformed into entrepreneurship, among which Pana Kami, Jaya Tharu and Manu BK few of the examples. All 3 women were able to enjoy their freedom with the abolishment of the Kamaiya and Haliya system, but poverty didn't leave them behind. While Pana and Manu from Doti districts, were still dependent upon manual labour and working at the landlord's homes, Jaya Tharu from Bardiya had started Pig farming but in a household scale only.

All 3, Pana, Jaya and Manu participated in Entrepreneurship development training where they received knowledge and skills, and most importantly, an attitude to use their knowledge on animal farming into a business. Subsequently, Ending Agricultural Bonded Labour in Nepal project support each of them with seed money support worth NPR. 20,000/- each which were helpful in starting their businesses.



The struggles of these three women have now transformed. Manu and Pana are earning income through goat farming, while Jaya from Bardiya is benefiting from pig farming. The life experiences and entrepreneurial journeys of these three women not only inspire others in economically weak communities but also serve as a learning resource for other organizations and local governments wanting to run entrepreneurship programs.



# मुक्त हलियादेखि जनप्रतिनिधिसम्म

कल्पना उमेरले भर्खर ३० टेकेकी छिन् । घरको जिम्मेवारी त छँदैछ, जनप्रतिनिधिका रूपमा नीति, कार्यक्रम र योजना तयार गर्नेदेखि कार्यान्वयन गर्न सघाउने समेतका जिम्मेवारीमा उनी रातदिन लागि पर्छिन् । समुदायमा आयोजना हुने भेला, गोष्ठी र अभियानमा सहभागी हुँदा डोटीको सायल गाउँपालिकाकी कल्पना नागरिको दैनिकी व्यस्त बनेको छ । उनी सायल गाउँपालिका–४ का वडा सदस्यका रूपमा निर्वाचित जनप्रतिनिधि हुन् ।

केही वर्ष अघिसम्म उनको परिचय फरक थियो । उनी मुक्त हलिया परिवारकी सदस्य हुन् । उनको बुवा आमा बँधुवा मजदुरका रूपमा अरुको घरमा काम गर्थे । उनले जसोतसो विद्यालय तहसम्मको शिक्षा लिने अवसर प्राप्त गरिन् । त्यसभन्दा माथि अध्ययन गर्ने उनको सपना परिवारको कमजोर आर्थिक अवस्थाले गर्दा पूरा हुन सकेन । सानै उमेरमा विवाह गरेकी कल्पनाको घरको अवस्था पनि उस्तै थियो । कमजोर आर्थिक अवस्थाका बाबजुद कल्पनाका परिवार र श्रीमान्को सहयोगमा उनले कक्षा १२ सम्मको अध्ययन पुरा गरिन् । गुजाराका लागि थोरै जमिन दिएर साहुले उनीहरूको परिवारलाई घर र खेतीकिसानीको काममा राखेको थियो । प्राप्त भएको जमिनको लालपूर्जा नभएपनि उनीहरूले सोही ठाउँमा घर भने बनाएका छन् । कल्पना भन्छिन्, *"अर्काको जमिनमा घर त बनायौं तर लालपूर्जा भने हामीसँग छैन ।"*



वास्तवमा समाजमा आफ्नो र छरछिमेकका हलिया परिवारको अवस्था देखेर कल्पनामा पनि केही गरौं भन्ने भावना

आएको हो। उनी थप्छिन्, *“मलाई आफू जस्तै हलिया, दलित, महिला र पछाडि परेका गरिब बिपन्न समुदायको न्यायका लागि सामाजिक अभियन्ता भएर सेवा गर्ने रहर हुन्थ्यो। सामाजिक काममा सक्रिय हुने उपायको खोजीका क्रममा*




*मैले चार वर्ष महिला स्वास्थ्य स्वयमंसेवक भएर काम गरें।”* कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाको सहयोगमा पुनर्गठित पालिकास्तरीय हलिया सञ्जालमा अध्यक्ष भएपछि उनमा नेतृत्व सीप र क्षमता बढ्दै गयो। समुदायले उनलाई आशा र भरोशा गर्न थालेको थियो। उनले २०७९ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा वडा सदस्य पदमा उम्मेदवारी दिने निर्णय गरिन् र विजयी भइन्। हाल उनी पालिकास्तरीय न्यायिक समितिको सदस्यको जिम्मेवारी पनि सम्हालिरहेकी छिन्। हिजो आफ्नो अधिकारका लागि लड्न अरुलाई अनुरोध गर्दै हिंड्ने कल्पना अब आफै आवाज सुन्ने ठाउँमा पुगेकी छिन्। समितिमा उनी अहिले सकेसम्म आफ्नो समुदायको हक हितका सवालहरू उठाइरहन्छिन्। उनी भन्छिन् *“मैले सायल गाउँपालिकाको मुक्त हलिया पुनर्स्थापना सम्बन्धी कार्यविधि तयार गर्न सक्रिय भूमिका निर्वाह गरें। छुट मुक्त हलियाको तथ्याङ्क सङ्कलनका लागि पालिकासँग समन्वय गरें र सार्वजनिक निकायमा सेवा लिन जानका लागि जागरुक बनाउने जस्ता कार्यमा लागिरहेको छु। मलाई मुक्त हलियाहरूले समृद्ध जीवन बाँचेको हेर्ने धोको छ।”*

बँधुवा मजदुर हुँदै हलिया सञ्जालको अध्यक्ष र जनप्रतिनिधिको जिम्मेवारीसम्मको कल्पनाको जीवनयात्रा अरुका लागि समेत प्रेरणाको स्रोत बनेको छ।

....

## From a Freed Haliya to an Elected People’s Representative

Kalpana Nagari, 30 years old, along with her household responsibilities works tirelessly as an elected representative, helping to formulate and implement policies, plans, and programs. Her daily routine is busy, filled with attending community meetings, seminars, and campaigns in Sayal Rural Municipality, Doti. She is an elected ward member of Sayal Rural Municipality-4.

A few years ago, her identity was different. She was a member of a freed Haliya family. Her parents worked as bonded laborers. Despite the hardships, she managed to complete her grade 10 education, but her family couldn't afford higher education.

During the implementation of Ending Agricultural Bonded Labor Project in Nepal, the Haliya committees were formed and reformed and Kalpana became the chairperson of the reformed Palika Level Haliya network, which boosted her leadership skills and capacity. The community began to trust and rely on her. In the 2022 local elections, she decided to run for the position of ward member and won. Currently, she is also serving as a member of the municipal judicial committee.

Kalpana, earlier had to request others to be heard and now can listen and act on such concerns. In the committee, she actively raises issues concerning the rights and interests of her community. Kalpana's journey from a former bonded labour family member to the chairperson of the Haliya network and an elected representative has become a source of inspiration for others.

# यसरी बन्यो मुक्त हलिया पुनर्स्थापना सम्बन्धी कार्यविधि

पश्चिम नेपालको पहाडी जिल्लामा व्याप्त रहेको हलिया प्रथालाई अन्त्य गर्न नेपाल सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गरेको थियो । तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले हलिया लगत सङ्कलन गरेर २०६७ माघ १२ गते तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई १६,९५३ परिवारको सूचि बुझायो ।

वि.सं. २०६८ वैशाख १९मा मुक्त हलियाको पुनर्स्थापनाका लागि एक केन्द्रीय कार्यदल गठन गरियो भने २०७० चैत ६मा नेपाल सरकार मन्त्रिपरिषद्बाट गठन आदेश तथा निर्देशक समिति गठन भयो । सोही मितिबाट मुक्त हलिया पुनर्स्थापना कार्यक्रमको सुरुवात भयो । हलिया बसोबास गर्ने जिल्लामा पुनर्स्थापनाका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मुक्त हलियाको प्रतिनिधि सहितको जिल्ला मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदल गठन गरियो ।

त्यसपछि सुरु भएको पुनर्स्थापना कार्यले १३,५४६ परिवारले पुनर्स्थापना प्याकेज पाएको हलिया समुदायको छाता सङ्गठन राष्ट्रिय मुक्त हलिया समाज महासङ्घको तथ्याङ्क रहेको छ । पुनर्स्थापना कार्य पूरा नहुँदै वि.सं. २०७६ जेठमा नेपाल सरकारले सबै पुनर्स्थापनाको कार्य स्थानीय तहलाई हस्तान्तरण गरेको थियो । नेपाल सरकारले हलिया पुनर्स्थापना सम्बन्धी बजेट पनि स्थानीय तहलाई नै हस्तान्तरण त गऱ्यो तर आर्थिक बर्षको मसान्तमा आएको सो बजेट सदुपयोग हुन सकेन ।

वर्षौंदेखि रोकिएको हलिया पुनर्स्थापना कार्यलाई अघि बढाउन २०७८ चैत ३० गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रलायले 'मुक्त कमैया कम्लहरी, हलिया तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति" गठन गरेको थियो । सो अध्ययन समितिले प्रस्तुत गरेको प्रतिवेदनमा हलिया


जगन्नाथ राजपत्र

जगन्नाथ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या २ मिति २०८० असोज १३ गते

भाग २

जगन्नाथ गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

जगन्नाथ गाउँपालिकाको मुक्त हलिया पुनः स्थापना सम्बन्धी कार्यविधि, २०८०

समुदायको तथ्याङ्क सङ्कलनका क्रममा विभिन्न कारणले कतिपय सिङ्गै गाउँ र बस्ती तथा कतिपय जिल्ला नै छुट भएको निष्कर्ष निकालेको थियो । सो अध्ययन समितिले स्थानीय तहलाई वडादेखि नै तथ्याङ्क सङ्कलन, परिचयपत्र वितरण, घर निर्माण कार्यको व्यावहारिक कार्यान्वयन, सहजीकरण र अवलोकन, सीप तालिम तथा शिक्षामा पहुँचको सुनिश्चितताका लागि १० बुँदे सुझाव प्रदान गरेको थियो ।

अध्ययन प्रतिवेदनको सार्वजनिकीकरणपछि पूर्व कृषि बँधुवा समुदायमा पुनर्स्थापना लागि आशाको नयाँ ज्योति बलेको थियो । तत्पश्चात् 'कृषिमा आधारित बँधुवा श्रमको अन्त्य' परियोजना सञ्चालन भइरहेका ११ पालिकामा स्थानीय सरकारसँग मुक्त कमैया तथा मुक्त हलिया समुदायले आफ्ना पालिकास्तरीय पुनर्स्थापना कार्यविधि निर्माणका लागि पैरवी सुरु गर्न थाले ।

मुक्त कमैया तथा मुक्त हलिया समुदायले आफ्ना स्थानीय तहमा पैरवी जारी राख्नु सहज भने थिएन । स्थानीय तहले सङ्घीय तथा प्रदेश सरकारले पुनर्स्थापना सम्बन्धी कार्यविधि नबनाउँदासम्म वा निर्देशन नदिएसम्म आफ्नो तहबाट मात्रै बनाइएको कार्यविधिको वैधानिकता के रहला भन्ने संशय पनि रहेको थियो ।

पुनर्स्थापना कार्यविधि बनाइसकेपछि सबैलाई जग्गा किनेर दिनुपर्ला, घर निर्माणका लागि पैसा छुट्याउनु पर्ला वा अन्य कार्य गर्नका लागि स्थानीय तहले श्रोत कसरी जुटाउने भन्ने निकै ठूलो चिन्ताको विषय थियो । डोटीको सायल गाउँपालिकामा कार्यविधि निर्माणका लागि निकै मेहनत गरेका कार्यपालिका सदस्य तथा राष्ट्रिय मुक्त हलिया समाज महासङ्घका पूर्व अध्यक्ष डम्मर विक सुनाउँछन्, *“हलिया समुदायको पुनर्स्थापनाका लागि सिङ्गो पालिका सकारात्मक भएपनि भविष्यमा आइपर्ने श्रोतको बोझको डरले कार्यविधि निर्माण गर्न भने सहजता थिएन । तर स्थानीय तहले वार्षिक रूपमा आफ्नो क्षमतानुसार थोरै सङ्ख्यामा भएपनि पुनर्स्थापना कार्य अघि बढाउनुपर्दछ भनेर सबैले एक स्वर गरेपछि यो कार्यविधि पारित हुन सकेको हो ।*




यी कार्यविधि निर्माण प्रक्रियामा पालिकास्तरीय मुक्त हलिया सञ्जालको अहम् भूमिका रहेको छ । बाजुराको हिमाली गाउँपालिकाका पालिकास्तरीय हलिया सञ्जालका अध्यक्ष रुपचन्द्र सार्की भन्छन्, *“हामीले परियोजनाको सहयोगमा आफ्नो स्थानीय तहसँग विभिन्न कार्यक्रम सञ्चालन गर्‍यौं । मागपत्र बुझायौं, छलफल अघि बढायौं, व्यक्तिगत भेटघाट पनि गर्‍यौं र हरेक पटकको भेटमा २०६६ सालमा तथ्याङ्क सङ्कलन गर्दा हिमाली गाउँपालिकामा धेरै हलिया परिवार छुटेको तथ्यलाई अघि सार्‍यौं । अहिले हाम्रो पालिकामा मुक्त हलिया पुनर्स्थापना कार्यविधिको निर्माण भएको छ ।”*

स्थानीय तहले पुनर्स्थापना सम्बन्धी कार्यविधि निर्माण गर्दैमा सबै सफलता प्राप्ति भएको भन्ने पनि होइन । पालिकास्तरीय हलिया सञ्जालहरू आफ्ना स्थानीय तहलाई कार्यविधिको व्यवस्था अनुसार लगत सङ्कलन गर्न घच्घच्याइरहेका छन् । बाजुराकै बुढीनन्दा नगरपालिकास्तरीय हलिया सञ्जालका अध्यक्ष विपना विक भन्छिन्, *“पहिला हामीले कार्यविधि बनाउन पैरवी गरिरह्यौं भने अब हामी लगत सङ्कलन कार्य पनि छिटोभन्दा छिटो सुरु गर्न प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरूसँग निरन्तर पैरवी गरिरहेका छौं ।”*

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारको मिति २०७६ जेठ ६ गतेको निर्णयको आधारमा हालसम्म बाजुरा जिल्लाका हिमाली गाउँपालिका, स्वामिकार्तिक खापर गाउँपालिका, जगन्नाथ गाउँपालिका र बुढीनन्दा नगरपालिका तथा डोटी जिल्लाका सायल गाउँपालिका र दिपायल सिलगढी नगरपालिकाले ‘मुक्त हलिया पुनर्स्थापना सम्बन्धी कार्यविधि’को निर्माण गरेर स्थानीय राजपत्रमा प्रकाशित गरिसकेको छ । यसै कार्यविधिको व्यवस्थामा आधारित रहेर ती पालिकाहरूमा पालिकास्तरीय पुनर्स्थापना समिति निर्माण भई तथ्याङ्क सङ्कलन र सो तथ्याङ्कको प्रमाणीकरणको कार्य अघि बढेको छ ।

मुक्त हलिया पुनर्स्थापना कार्यविधि निर्माण गरेकामा स्थानीय तह पनि खुसी छन् । आफू पालिका प्रमुख भएको समयमा नै हलिया पुनर्स्थापना कार्य पूरा गर्ने अठोट पनि लिएका छन् । स्वामीकार्तिक खापर गाउँपालिका प्रमुख भरत बहादुर रोकाया भन्छन्, *“स्थानीय तहको योजना तर्जुमा प्रक्रियाका चरणमै यो दस्तावेज (कार्यविधि)लाई ध्यान दिंदा बजेट बनाउन सहयोग हुनेछ । भविष्यमा आउने दातृ निकायले पनि यही कार्यविधिलाई आधार बनाएर कार्यक्रमका लागि सहयोग गर्न सहज हुन देखिएको छ ।”*

मुलुकमा सङ्घीयता लागु भएसँगै हाल मुक्त हलिया तथा मुक्त कमैया समुदायले पनि स्थानीय तहसँग सहकार्य सुरु गरेको यो एक असल उदाहरण हो । सङ्घीयतापूर्वको अवस्थामा जस्तो केन्द्र सरकारकै भर पर्नुको सट्टा पूर्व बँधुवा समुदाय हाल नजिकैको स्थानीय सरकारसँगको सहकार्यको यात्रामा जोडिनु सुखद् विषय पनि हो ।

---

# Struggles in development of Freed Haliya Rehabilitation Procedures


Nepal government abolished Haliya system in 2065 and took many actions in the rehabilitation of Haliya families. Rastriya Mukta Haliya Samaj Mahasangha- Nepal, the umbrella organization of Haliya community, has estimated that 13,546 families have received such rehabilitation package. However, thousands of Haliya families are yet to registered as Haliyas and received rehabilitation packages, even though Nepal government declared that such rehabilitation has been completed and transferred remaining tasks to the local governments.

To restart the long-delayed Haliya rehabilitation efforts, the Ministry of Land Management, Cooperatives, and Poverty Alleviation formed the "Freed Kamaiya, Kamlari, Haliya, and Harwa-Charwa Status Study Committee" on April 12, 2022. The committee's report found that due to various reasons, entire villages and districts were missing from the Haliya data collection.

The committee provided a 10-point recommendation to local governments, including data collection from the ward level, distribution of identification cards, practical implementation of housing construction, facilitation, and monitoring, and ensuring access to skills training and education.

Subsequently, with the implementation of EABL project, former bonded labour communities started advocating for the formulation of municipal-level rehabilitation procedures in 11 project-implementing palikas. Various advocacy efforts, campaigns, and programs led to the development of such procedures.

Based on the Constitution of Nepal 2015, the Local Government Operations Act 2017, and the government decision of May 20, 2019, 6 municipalities and rural municipalities in Bajura and Doti districts have formulated and published the "Freed Haliya Rehabilitation



स्थानीय राजपत्र

भाग : २, खण्ड : ७, संख्या ६, राजपत्रमा प्रकाशित मिति २०८०।०४।२९

कार्यपालिकाबाट स्वीकृती मिति : २०८०।०४।२६

प्रमाणिकरण मिति : २०८०।०४।२८

दिपायल सिलगढी नगरपालिका, डोटी

दिपायल सिलगढी नगरपालिकाको मुक्त हलिया पुनःस्थापना कार्यविधी

२०८०

Procedure" in their local gazettes. These municipalities include Himali Rural Municipality, Swamikartik Khapar Rural Municipality, Jagannath Rural Municipality, and Budhinanda Municipality in Bajura district, and Sayal Rural Municipality and Dipayal Silgadhi Municipality in Doti district. Based on these procedures, municipal-level rehabilitation committees have been formed to collect and verify data.

The local governments express contentment with the progress made in the implementation of rehabilitation protocols and are resolute in their commitment to finish Haliya's rehabilitation within their tenure.




# कानुनी पहिचानका कागजातले बढायो आत्मविश्वास

डोटीको दिपायल सिलगढी नगरपालिका-७ की खिना कोलीले ३४ वर्षको उमेरमा नागरिकता प्राप्त गरिन् । १४ वर्षको उमेरमा विवाह गरेकी खिना अहिले ३६ वर्षकी भइन् । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण उनको सिङ्गो परिवार मजदुरीका लागि भारत जान बाध्य भयो । भारतमै रहँदा उनले पाँच सन्तानलाई जन्म दिइन् तर उनको श्रीमान्सँगको सम्बन्ध भने राम्रो हुन सकेन ।

उनी एक्लैको मजदुरीले पाँच सन्तानको लालनपालन गर्नु निकै चुनौतीपुर्ण थियो । गुजारा नचल्ने अवस्था आएपछि उनी आफ्ना सन्तानकासाथ नेपाल फर्किइन् । उनलाई आफ्नै मेहेनतमा केही आर्थिक उपार्जन गरौं भन्ने जोस त थियो तर व्यवसाय दर्ताका लागि उनीसँग नागरिकता र अन्य आवश्यक कागजी प्रमाण केही थिएन । यसका अतिरिक्त स्थानीय पालिका वा निकायबाट प्राप्त हुने सेवा सुविधा पाउनबाट समेत उनी बञ्चित हुनु परिरहेको थियो । उनी भावुक हुँदै भन्छिन् *"नेपाली नागरिक भएर पनि अनागरिक जस्तो व्यवहार मैले लामो समयसम्म सहनुपऱ्यो । ती दुःखद् अनुभवहरू म शब्दमा व्यक्त गर्न सक्दिनँ ।"*



समुदायमा मुक्त हलिया समुहको गठनपछि भने उनमा सहयोगको आशा पलायो । उनी उक्त समहमा आबद्ध भइन् र नागरिकता नहुँदा आफुले पाएका दुःख र सास्तीको फेहरिस्त सुनाइन् । समुहले उनलाई नागरिकता दिलाउनका लागि वडा



कार्यालयमा सिफारिसका लागि सहयोग गऱ्यो । नागरिकता बनाउन खिनालाई उनको परिवारको सिफारिसको आवश्यकता थियो तर उनका परिवारमा नाबालक सन्तान बाहेक अरु कोही थिएन । उनी थप्छिन् *"मेरो नागरिकताका लागि आवश्यक सिफारिस गरिदिन मेरा श्रीमान् बाहेक अरु कुनै विकल्प थिएन । मुक्त हलिया समुहले वडा कार्यालयलाई मेरो श्रीमान्लाई गाउँमा बोलाउनका लागि अनुरोध गऱ्यो । सिङ्गो समुहले मलाई नागरिकताको अधिकारबाट बञ्चित गर्न नहुने भन्दै खबरदारी गरेपछि वडा आफैले मेरा श्रीमान्लाई यातायात खर्च दिएर भारतबाट वडा कार्यालयमा बोलायो । त्यसपछि मैले नागरिकता पाएँ ।"* नागरिकतासँगै खिनाको विवाहदर्ता र पाँचै जना सन्तानको जन्मदर्ता पनि भयो ।

नागरिकता नभएकै कारण कुनै समुह वा समितिमा आबद्ध हुने अवसर नपाएकी खिना कोली अहिले बचत समुह, आमा समुह, वन उपभोक्ता समिति र महिला समुहमा आबद्ध भएकी छिन् । राज्यबाट प्राप्त हुने सबै प्रकारका सेवा सुविधामा उनको पहुँच पुगेको छ । अब उनी एक सामाजिक कार्यकर्ताका रूपमा परिचित हुन थालेकी छिन् ।

कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले सञ्चालन गरेको तीन दिने नेतृत्व सीप विकास तालिममा सहभागी भएपछि त खिनाको आत्मविश्वास थप बढेर आयो । उनी भन्छिन् *"म अहिले समुहमा आबद्ध भई हलिया अधिकारका लागि वकालत गरिरहेकी छु । हलिया समुदायको न्यायिक मुक्तिसँगै घरेलु हिंसाको अन्त्य, समान ज्याला, सम्पत्तिको अधिकार जस्ता विषयका समुदायमा छलफल गर्छु र सम्बन्धित निकायलाई खबरदारी गरिरहेकी छु । विगतमा लगत सङ्कलनमा छुट भएका हलिया परिवारलाई गणनामा समावेश गर्न र उनीहरूको परिवारको गाँस, बास र कपासको उचित व्यवस्थापन गर्न मैले स्थानीय सरकार र जनप्रतिनिधिसँग छलफल पनि आयोजना गर्दै आएकी छु ।"* खिना र उनको समुहको निरन्तरको बहस पैरवी र खबरदारीले अहिले दिपायल सिलगढी नगरपालिकाले मुक्त हलिया कार्यविधि पारित गरी छुट भएका हलिया घर परिवारको तथ्याङ्क सङ्कलन कार्य समेत सुरु गरेको छ ।

अहिले उनको श्रीमान्सगँको सम्बन्ध पनि राम्रो भएको छ । उनी भन्छिन्, *"पहिला घरको कुनै काममा वास्ता नगर्ने मेरा श्रीमान् अहिले म कुनै बैठक वा कार्यक्रममा जानु परे जाउ भनेर सहयोग गर्नुहुन्छ । म बाहिर जाँदा खाना बनाउने लगायतका घरको काम उहाँले गर्नुहुन्छ ।"*

खिनाको जस्तै सफल र उत्प्रेरक अनुभव छ बर्दिया जिल्ला बाँसगढीकी शारदा थारुको पनि । शारदाले उनका श्रीमान् टिकबहादुर थारुसँग प्रेम विवाह गरेकी थिइन् । विवाहको केही समयपछि उनीहरूको सन्तान भयो । बच्चाको जन्मदर्ता र अन्य कामका लागि विवाहदर्ता अनिवार्य रहेको थाहा पाएपछि शारदाले श्रीमान्लाई विवाहदर्ताको लागि अनुरोध गरिन् तर श्रीमान् विवाहदर्ताका लागि तयार भएनन् ।



विवाह भएको चार वर्षसम्म उनीहरूको विवाहदर्ताको प्रमाण थिएन । छोराले स्वास्थ्य संस्थाबाट पाउनुपर्ने सुविधाहरू पनि प्राप्त गर्न सकेको थिएन । शारदा भन्छिन्, *"विवाहदर्ता प्रमाण नभएकाले मेरो छोराको जन्मदर्ता थिएन । पालिका र स्वास्थ्य*

*संस्थामा कतिपय सेवाहरू लिन जाँदा रित्तो हात फर्कनु पर्दा साह्रै दुःख लाग्थ्यो।"*

शारदाले २०८० सालमा नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना अन्तर्गत आयोजना गरिएको सार्वजनिक सेवामा पहुँच सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी हुने मौका पाइन् । कार्यक्रममा नागरिकता, पञ्जीकरण र अन्य सेवा सिफारिसको विषयमा आवश्यक पर्ने कागजात तथा प्रक्रियाबारे जानकारी गराइएको थियो। सोही कार्यक्रममा उपस्थित वडाका सचिवसँग शारदाले जन्मदर्ता नभएर छोराको विद्यालय शिक्षामा समस्या आउन सक्ने भन्दै सहजीकरणका लागि अनुरोध गरिन् । सो कुरा सुनेपछि वडा सचिवले शारदाका श्रीमान्लाई पनि त्यही कार्यक्रममा बोलाएर नागरिकता, जन्मदर्ता, विवाहदर्ता, बसाईंसराई दर्ता र सम्बन्ध बिच्छेद दर्ताको महत्व बुझाइएपछि उनी ती प्रमाणपत्र लिन वडा कार्यालयमा आउन तयार भए । यसपछि शारदाले नागरिकता पनि प्राप्त गरिन् । विवाह दर्ताको प्रमाणपत्र लिइन् । बच्चाको जन्मदर्ता समेत गराइन्। शारदा भन्छिन्, *"मैले कानुनी प्रमाणपत्रहरू प्राप्त गर्न ठूलो सङ्घर्ष गर्नुपर्‍यो। अब म नेपाल सरकारबाट नागरिकको रूपमा पाउने सेवा सुविधा लिन योग्य भएकी छु।"*

उक्त अभिमुखीकरण कार्यक्रममा सहभागी नभएको भए यो अधिकार पाउन थप ढिलाइ हुने शारदाले बुझेकी छिन् । नागरिकता, विवाहदर्ता र छोराको जन्मदर्ता भएपछि अब विद्यालय भर्ना गर्न सहज हुने उनले बुझेकी छिन्। यसका साथै वडा कार्यालयबाट निःशुल्क रूपमा कृषि औजार सामग्री तथा बिउविजनको सुविधा लिन समेत उक्त कागजातले सहज भएको उनको अनुभव छ।

---

## Legal Identifications boost Confidence among former bonded labour communities

Khina Koli, from Dipayal Silgadhi Municipality-7 in Doti district, received her citizenship at the age of 34. She got married at the age of 14 and is now 36 years old. Due to the poor economic condition of her family, her entire family had to move to India for work. While in India, she gave birth to five children, but her relationship with her husband did not go well.

Supporting her five children on her own was very challenging. When she couldn't make ends meet, she returned to Nepal with her children. She had the determination to earn some income through her hard work, but she did not have citizenship and other necessary documents for registering a business.

After joining the community level freed bonded labor committee, she added, "My husband was the only option to recommend me for citizenship. The group requested the ward office to call my husband to the village. After the entire group insisted that I should not be deprived of my right to citizenship, the ward office itself covered my husband's travel expenses to bring him from India to the ward office. After that, I received my citizenship."

Along with her citizenship, Khina's marriage was registered, and the birth registrations of her five children were also completed. She understands that it will now be easier to enroll her children in school. Additionally, her experience shows that having these documents has made it easier to receive free agricultural tools and seeds from the ward office.

Like Khina, Sarada Tharu from Basgadhi Municipality, Bardiya was also deprived of Citizenship certificate, Marriage registration and birth registration of her child. Despite continuous effort her husband didn't support her in the registration of any such documents. When the project organized an orientation of services provided by the government, she requested the ward secretary to facilitate in attaining such legal documents. The ward secretary asked Sarada's husband to participate in the orientation event, which led to attainment of all the documents Sarada had been deprived of.

Both Khina and Sarada were unable to receive government support due to lack of legal documents, but with such legal documents, they are now able to participate in local mother's groups, consumer groups and even receive support provided from local governments. With the attainment of legal documents, women from marginalized communities are surely becoming confident and able to be independent.



# फर्निचर व्यवसायले फेरियो प्रेमको जीवन

बर्दियाको गेरुवा गाउँपालिका-३ बस्ने प्रेम थारुको परिवारको आर्थिक अवस्था कमजोर थियो । जीवन धान्ने मेसोमा उनको परिवार स्थानीय साहुको घरमा काम गर्न थाल्यो । दशकौसम्म बँधुवा श्रमिकका रूपमा काम गर्दा पनि उनको परिवारको अवस्था उस्तै थियो ।

नेपाल सरकारबाट कमैया मुक्तिको घोषणापछि साहुको घरबाट उनी बिदा भए तर उनलाई छ जनाको परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्ताले भने छोडेन । उनी कहिले ज्याला मजदुरीका लागि भौतारिन्थे त कहिले श्रम गर्नकै लागि भारतसम्म पुग्ने गर्दथे । उनको भारत जाने र आउने क्रम चलिरहन्थ्यो । नियमित आम्दानीको बाटो केही थिएन । उनीसँग फर्निचरका सामग्री तयार गर्ने सीप भने थियो तर लगानी अभावका कारण यो सीप पनि उनले उपयोग गर्न पाएका थिएनन् ।



जब उनको समुदायमा मुक्त कमैया समाजको गठन भयो, त्यसपछि उनले साथ पाउन थाले । कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले उक्त समाजको सशक्तीकरणमा थप मद्दत गरेपछि मुक्त कमैयाहरूको अधिकारका लागि विविध अभियानहरू सञ्चालन हुन थाल्यो । प्रेम समाजको सदस्य बने । कहिले मजदुरी गर्न अन्यत्र जानुपर्ने त कहिले घरायसी कामको चापका कारण उनी सञ्जालमा त्यति सक्रिय भने हुन सकेका थिएनन् ।



परियोजनाले मुक्त कमैयाको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रस्ताव माग गऱ्यो । प्रेमले फर्निचर उद्यम गर्ने मनासय रहेको कुरा मुक्त कमैया समाजको बैठकमा राखे । प्रेमको प्रस्ताव समाजको बैठकबाट छनोटका लागि सिफारिस भयो । उनी परियोजनाबाट नै सञ्चालन गरेको तीन दिने उद्यमशीलता विकास तालिममा सहभागी पनि भए । त्यसपछि उद्यमबाट जीवन परिवर्तन गर्न सकिन्छ भन्ने निष्कर्षमा पुगे । व्यवसाय सुरुवात गर्ने बिउपुँजीका रूपमा रू. २० हजार सहयोग समेत पाएपछि उनको फर्निचर उद्यम गर्ने सोचले मूर्त रूप पायो । अहिले उनी आफ्नै फर्निचर उद्योगमा विभिन्न सामग्री तयार गर्छन् र बिक्री गर्छन् । उनी भन्छन्, *"पहिला जीविका चलाउन धेरै दुःख गरियो । साहुको घरमा बसियो, अन्य व्यक्तिहरूको काममा गइयो । भारत गएर पनि पसिना बगाउँदा उपलब्धि पाएको थिएन । अहिले जीवन फरक तरिकाले चलाउन सकिन्छ भन्ने आशा र विश्वास मिलेको छ ।"* प्रेम थप्छन्, *"अहिले आफ्नै परिवारसँग बसेर मासिक रु. २० हजारसम्म आम्दानी गरिरहेको छु । केही रकम बचत पनि गरेको छु । छोरीहरूलाई विद्यालय पठाएको छु । "*

नियमित आम्दानीको स्रोत भएपछि प्रेमलाई अब सञ्जालको बैठकमा जान पनि सहज भएको छ । उनी सबैजसो बैठक र कार्यक्रममा सहभागी हुन्छन् । उनी सञ्जालमा आफ्नो उद्यमका बारेमा अनुभव प्रस्तुत गर्छन् । उनको उद्यमशीलताको अनुभव अरुका लागि समेत प्रेरणा बनिरहेको छ । उनले छिमेकका दुई जना युवालाई सीप सिक्न मद्दत गरिहेका छन् । उनीहरू प्रेमको फर्निचर उद्यममा आउँछन् र सीप सिक्छन् । उनीहरू सीप सिकेर प्रेमको जस्तो आत्मनिर्भर बन्ने योजना सुनाउँछन् ।

---

## Furniture Business Transforms Prem's Life

Prem Tharu's family from Geruwa Rural Municipality-3 in Bardiya had a weak economic condition. To make ends meet, his family worked at the local landlord's house. Despite working as bonded laborers for decades, their situation remained unchanged.

When the Freed Kamaiya Society was formed in his community, Prem began to receive support. The project aimed at Ending agricultural bonded labor further empowered the society, leading to various campaigns for the rights of freed Kamaiyas. Prem became a member of the society. However, due to work and burden of household chores, he wasn't able to very active in the group.
As a part of the project activity, community level freed Kamaiyas committees were informed about the training on Entrepreneurship and seed money support. Prem presented his idea of starting a furniture business in his community which was recommended for selection by the community meeting. He then participated in a 3-day entrepreneurship development training. Now he was sure that this entrepreneurship could change his life. He received NPR. 20,000/- as seed money to start his business, turning his furniture business idea into reality.

Now, he makes and sells various items in his own furniture workshop. With a regular source of income, it has become easier for Prem to attend his community meetings. He participates in almost all meetings and programs, sharing his business experiences with the network. His entrepreneurial journey is inspiring others as well. He is helping two local youths to learn skills by allowing them to work at his furniture workshop. Those youth now are inspired to start their own business like Prem and become self reliant.



# सीपलाई रोजगारीसँग जोड्दै रोजगार सूचना केन्द्र

राज्यले कमैया तथा हलिया समुदायलाई कृषिमा आधारित बँधुवापनबाट मुक्ति गरेसँगै उनीहरू आ-आफ्नो इच्छानुसार मजदुरी गर्न स्वतन्त्र बने तर अधिकांश नेपाली नागरिकको झैं उनीहरू यौटा समस्याबाट मुक्त हुन सकेनन् । त्यो हो, आफूले सोचे अनुसारको रोजगारीको अवसर नपाउनु । योसँगै अर्को जोडिएको पाटो हो, रोजगारदाताहरूले आफ्नो आवश्यकतानुसार कामदार नपाउनु । रोजगारका सूचना दूरदराजका, प्रविधिबाट टाढा रहेका व्यक्तिहरूले नपाउँदा आफ्ना मान्छेलाई मात्रै काम दियो भन्ने जस्ता आवाज पनि अधिकांश रूपमा सुनिन्छन् ।

सीमान्तकृत समुदायका सबै पक्षलाई समेट्ने र सहयोग गर्ने उद्देश्यले कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाको सहयोगमा डोटीको दिपायल सिलगढी नगरपालिका र बर्दियाको राजपुर नगरपालिकामा स्थानीय सरकारसँगको सहकार्यमा एक/एक वटा रोजगार सूचना केन्द्रको स्थापना गरिएपछि स्थिति फेरिएको छ । डोटीमा सो सूचना केन्द्र नगरपालिका कार्यालयभित्र नै रहेको छ भने बर्दियामा राजापुर नगरपालिका वडा नं. ४ कार्यालय भवनमा रहेको छ ।




यी सूचना केन्द्रले रोजगार सम्बन्धी सूचना एकत्रित गर्ने र ती सूचनालाई सामाजिक सञ्जाल तथा मुक्त कमैया तथा मुक्त हलिया सञ्जाल मार्फत् सम्प्रेषण गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत हुन फारम वितरण, फारम भर्नका लागि सहयोग गर्ने, रोजगार तथा श्रम ऐन सम्बन्धी अभिमुखीकरण कार्यक्रम




सञ्चालन गर्ने गर्दछन् । यस्तै लोकसेवा आदि फारम भर्नका लागि सहयोग गर्ने जस्ता कार्यहरू केन्द्रबाट हुँदै आएका छन् । ती सेवाहरू मार्फत् हजारौं व्यक्ति लाभ लिन सफल भएका छन् ।

यी मध्ये एक उदाहरण हुन्, डोटीको शिखर नगरपालिका-५, तिजाली घर भएका ३१ वर्षीय धर्मबहादुर विक जो हाल निजामती कर्मचारी आवासीय विद्यालय राजपुर दिपायलमा गणित विषयको शिक्षकका रूपमा काम गरिरहेका छन् । स्नातकोत्तर उत्तीर्ण धर्मले धेरै निजी विद्यालयमा काम गरेको अनुभव भए पनि उचित सूचनाका अभावले विभिन्न सरकारी सेवाका अवसर गुमाइरहेका थिए। तर रोजगार सूचना केन्द्रले प्रवाह गरेको सूचनाका कारण उनले अहिलेको अवसर पाएका हुन्। उनी भन्छन् *"म जस्तो दूरदराजमा बसेको मान्छेले समयमा नै सूचना नपाएर विभिन्न अवसरहरू गुमाइरहेका हुन्छन् । त्यसैले सही व्यक्तिसम्म सूचना पुऱ्याउने यस्ता रोजगार सूचना केन्द्र परियोजनामा मात्र सीमित नरही नेपाल सरकारले समेत सञ्चालनमा ल्याउनुपर्दछ ।"*

हुन त, नेपाल सरकारले प्रत्येक स्थानीय तहमा रोजगार संयोजकको व्यवस्था गरेको छ, जसले रोजगार सम्बन्धी जानकारी दिन्छ तर त्यो सीमित व्यक्तिका लागि मात्रै पहुँचमा रहेको पाइएको छ । परियोजनाले सञ्चालन गरेको रोजगार सूचना केन्द्रले भने दूरदराजसम्म आफूलाई पुऱ्याउन सफल भएको छ । विशेषगरी प्रधानमन्त्री रोजगार कार्यक्रममा सीमान्तकृत समुदायका व्यक्तिलाई जोड्न यो कार्यक्रम सफल भएको देखिन्छ ।

यस्तै अर्को उदाहरण हुन्, बर्दियाका राजापुर नगरपालिका-६, दक्षिण महुवाकी गुलाबी कुमारी थारु, जसले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजागरको अवसर पाइन्, १०० दिन काम गरिन् र सो आयबाट आफ्नो घरखर्च चलाउन पाइन् । आफूले पाएको सो अवसरबारे उनले आफूमा मात्र सीमित राखेकी छैनन् । उनी भन्छिन्, *"मैले प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारी पाएपछि आफ्नो छरछिमेकमा रहेका आर्थिक अवस्था कमजोर भएको मुक्त कमैया, कमलरी तथा पिछडिएका परिवारलाई रोजगार सूचना केन्द्रमा गई रोजगार सम्बन्धी सूचना लिन प्रोत्साहित गरेकी छु ।"*

राजापुर नगरपालिकामा रहेको रोजगार सूचना केन्द्र सूचनाको मात्रै केन्द्रबिन्दूका रूपमा सीमित रहेको छैन । परियोजनाले सो सूचना केन्द्र स्थापनाका लागि व्यवस्था गरेका तीन कम्प्युटर मुक्त कमैया तथा अन्य समुदायका युवाका लागि वरदान साबित बनेको छ। आफ्नो घरमा कम्प्युटर तथा इन्टरनेट नभएका युवाहरू दिउँसो समय मिलाएर सूचना केन्द्रमा आइ रोजगारी सम्बन्धी सूचना खोज्ने, लोकसेवा तथा शिक्षक सेवा सम्बन्धी पढ्ने, फारम भर्ने तथा कम्प्युटर सिक्ने पनि गर्दछन् । विद्यार्थीले सूचना केन्द्रमा आएर आफ्ना प्रतिवेदन लेखनका कार्य समेतका लागि ती कम्प्युटरको प्रयोग गने गर्दछन् ।

राजापुर नगरपालिका-५ का सदस्य प्रदीप थारु भन्छन्, *"मैले आफ्नो शैक्षिक परियोजनाहरू यहीं सूचना केन्द्रमा आएर तयार गर्ने गरेको छु । साथै विभिन्न रोजगारी तथा छात्रवृत्ति सम्बन्धी फारमहरू पनि भर्ने गरेको छु। गरिबीका कारण मैले अन्य पसलमा यस्ता फारम भर्नका पैसा तिर्न सक्दिन तर सूचना केन्द्रमा यो सुविधा निःशुल्क पाएको छु । मैले आफूले यी सुविधा पाएपछि गाउँ समुदायका अरु व्यक्तिहरूको यस्तै कामहरूका लागि सूचना केन्द्रमा ल्याउने र उनीहरूको फारम भर्ने आदि काममा सहयोग गर्ने गरेको छु ।"*

रोजगार सूचना केन्द्र स्थापनाका लागि परियोजनाले तत्तत् स्थानीय तहसँग त्रिपक्षीय सम्झौता गरेको थियो र एक/एक जना रोजगार सूचना केन्द्र अधिकृतको व्यवस्था गरेको थियो। ती अधिकृतले आ-आफ्ना पालिकाका रोजगार संयोजकसँग नियमित समन्वय गरी अधिकारवालाको रोजगारीको अधिकारको सुनिश्चिततामा सहयोग गरिरहेका छन् । आशा छ, यो अभियान परियोजनाको समाप्ति पछि पनि जारी रहनेछ।

---

# Employment Information Centers Connects Skills with Employment

Employment Information Centers have been established in Dipayal Silgadhi Municipality in Doti district and Rajapur Municipality in Baridya district, in collaboration with the local governments to support local youth and others from marginalized communities such as former bonded labour communities, dalit communities, etc in finding job opportunities. These centers are the initiatives of Ending Agricultural Bonded Labour in Nepal project.

These centers collect employment-related information and disseminate it via social networks and the Freed Kamaiya and Freed Haliya Networks. They also distribute and assist with filling out forms to register for the Prime Minister's Employment Program, conduct orientation programs on employment and labor laws, and help with applications for public service exams. Thousands have benefited from these services.

Dharma Bahadur BK, 31, from Shikhar Municipality-5, Tijali, Doti is one of the examples who is currently working as a Mathematics teacher at the Civil Service Residential School in Rajpur Dipayal. He had experience working in many private schools but had been missing out on various government job opportunities due to lack of proper information. The information provided by the Employment Information Center helped him secure his current position.

Although Nepal government has appointed employment coordinators in each local unit to provide employment information, their reach is limited. The Employment Information Centers run by the project have successfully extended their reach to remote areas. They have been particularly effective in connecting marginalized community members with the Prime Minister's Employment Program.

Gulabi Kumari Tharu from Rajapur Municipality-6, Dakshin Mahuwa, Bardiya is another example of this initiative. She found employment through the Prime Minister's Employment Program, worked for 100 days, and used her earnings to support her household. She didn't keep this opportunity to herself. She shares, "After receiving employment through the Prime Minister's Employment Program, I encouraged other economically weak freed Kamaiyas, Kamlaris, and marginalized families in my neighborhood to visit the Employment Information Center and seek employment-related information,"

Employment Information Centre in Rajapur, Baridya is also supporting local youth to learn computer skills with the use of 3 computer supported by the project. Local youth use these computers to complete their college assignments, learn more for Public Service commission and teacher service commission examinations, fill out the employment forms and even are using these services to support other youth from their communities.

While the initiative has been made by the project, the youth from former bonded labour communities expect the local government to continue this effort even after the completion of the project.



# मुक्त कमैया परिवारका किशोरीहरूको छात्रवृत्तिमाथी दाबी

सीता थारुको परिवार बर्दियाको बाँसगढी नगरपालिका बस्छन् । उनीहरू मुक्त कमैया परिवार हुन् । श्रीमान् ज्याला मजदुरी गर्छन् भने सीता बाख्रापालन र तरकारी खेती गर्छिन् । दुई छोरीहरू विद्यालय जान्छन् । परिवारको गुजारा चलेकै छ । लामो समयसम्म उनीहरू कमैयाका रूपमा जमिन्दारको घरमा आश्रित भए । अहिले सरकारले कमैया मुक्तिको घोषणासँगै उनीहरू स्वतन्त्र जीवन बाँचिरहेका छन् ।

कमैया मुक्तिपछि सीता कमैया महिला जागरण समाजको सदस्य बनेकी छिन् । त्यहाँ उनले उद्यमशीलता विकासको तालिममा सहभागी हुने मौका पाइन् । अधिकारका बारेमा जानकारी हासिल गरिन् । अधिकार प्राप्त गर्न सङ्गठित हुनुपर्ने, समुहमा आवाज उठाउँदा सम्बन्धित निकायले सहज सुनुवाइ गर्ने कुरा बुझेपछि उनी समुहमा थप सक्रिय हुन थालिन् ।



उनी मुक्त कमैयाका समस्या पत्ता लगाउन र समाधानका उपायहरू खोज्न तत्पर हुन्छिन् । मुक्त कमैयाको निःशुल्क स्वास्थ्य बिमा, आयआर्जन तथा सीपमूलक कार्यक्रमको व्यवस्था, मुक्त कमैया परिवारका बालबालिकालाई निःशुल्क उच्च शिक्षासम्मको व्यवस्था गर्नुपर्ने जस्ता सवालमा उनी छलफल चलाउँछिन् । स्थानीय जनप्रतिनिधि र सरोकारवालालाई भेट्ने र ज्ञापनपत्र बुझाउने जस्ता कामको नेतृत्व गर्छिन् । उनले अभियानकै शिलशिलामा छोरीहरूका लागि छात्रवृत्ति उपलब्ध



हुने कुरा थाहा पाइन् । लुम्बिनी प्रदेश सरकारले कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राका लागि छात्रवृत्तिका लागि आवेदन माग गरेको कुरा उनले समुहमा थाहा पाइन्। समुहकै सक्रियकतामा आवश्यक कागजात र प्रक्रिया पूरा गरी उनले आफ्ना छोरीहरू सहित समुदायका अन्य किशोरीका लागि छात्रवृत्तिका लागि निवदेन दिइन् । यसैका आधारमा उनकी छोरी अन्जना सहित समुदायका सात जना मुक्त कमैया र चौध जना दलित बालिकाले रू. आठ हजारका दरले छात्रवृत्ति पाउन सफल भएका छन्।

सीताकी छोरी अन्जना बाँसगढी नगरपालिकाको नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा कक्षा १२ मा अध्ययन गर्छिन् । अध्ययनमा निरन्तरतासँगैं उनी स्थानीय बाल क्लवको अध्यक्ष बनेकी छिन् । उनी बालबालिकाहरूको गुणस्तरीय शिक्षा, बालबालिकामाथि हुने हिंसा र त्यसबाट बच्ने उपाय जस्ता बालअधिकारका सवालमा छलफल गर्छिन्। अन्जना आफू जस्तै आर्थिक अवस्था कमजोर भएका साथीहरूलाई अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न तथा अन्य समस्या समाधानका लागि प्रयास गरिरहन्छिन्। स्थानीय तह तथा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधा तथा समय समयमा जारी हुने सूचनाका बारेमा उनीहरू क्लवमा छलफल गर्छन्। अन्जना उच्च शिक्षा अध्ययन गरी भविष्यमा आफ्नै समुदायको हक हितमा काम गर्ने योजना सुनाउँछिन् । उनी भन्छिन् *"अध्ययन सकिएपछि म मेरो समुदायको सर्वपक्षीय विकास कसरी गर्न सकिन्छ भन्ने बारेमा खोज अनुसन्धान गर्नेछु र एकदिन समुदायलाई सचेतनाको उज्यालो छर्न मद्दत गर्नेछु। "*

सीता र उनको संगठनको सहजीकरणमा मुक्त कमैया समुदायका थप ४२ जना बालबालिकाले विद्यालय तहको शिक्षाका लागि छात्रवृत्ति पाउन सफल भएका छन्। मुक्त कमैया परिवारका बालबालिकासँगै थप ४० जना बालबालिकालाई छात्रवृत्ति सेवामा पहुँच पुऱ्याउन समेत सीता र उनको सङ्गठनको महत्वपूर्ण भूमिका रहेको छ।

---



# Students claim and receive scholarship from the government

Sita Tharu from Bansgadhi Municipality in Bardiya district became a member of the Kamaiya Mahila Jagarn Samaj after the announcement of the liberation. She got the opportunity to participate in entrepreneurship development training, where she gained knowledge about her rights and understood the importance of organizing and raising voices in groups for better responses from the concerned authorities.

She became more active in the group, eager to identify and solve the problems faced by freed Kamaiyas. During her campaign, she learned about the availability of scholarships for daughters.

The Lumbini Province government had called for applications for scholarships for girls from freed Kamaiya, Kamlari, Muslim, and Dalit communities studying in grades 11 and 12. With the group's support, Sita completed the necessary documents and procedures, applying for scholarships for her daughters and other girls in the community. As a result, her daughters, along with seven freed Kamaiya and fourteen Dalit girls from the community, received scholarships of eight thousand rupees each.

Sita's daughter Anjana studies in grade 12 at Nepal National Secondary School in Bansgadhi Municipality and received the scholarship support due to the effort made by her mother. Anjana is also the chairperson of the child club where she discusses on issues such as quality education, violence against children, and ways to prevent it. Anjana works to help friends with similar financial difficulties to obtain scholarships and resolve other problems. In a way, Anjana is already walking the path her mother has started, and both are supporting their communities in claiming their rights.





# बँधुवा श्रमिकदेखि व्यवसायी हुँदै नेतृत्वसम्म

डोटीको दिपायल सिलगढी नगरपालिका–७ उडितोलाकी लक्ष्मी विक आफ्ना दुई छोराहरूलाई उच्चशिक्षा पढाउने सपना पूरा गर्न सङ्घर्ष गरिरहेकी छिन् । उनीहरू मुक्त हलिया परिवार हुन् । मुक्तिको घोषणासँगै उनीहरूले जीविकोपार्जनका लागि गाउँमा अनेक प्रयत्न नगरेका होइनन् तर आयआर्जनको भरपर्दो माध्यम नभेटेपछि उनीहरू गाउँ छोडेर भारत पसे । श्रीमान् श्रीमती ज्याला मजदुरी गर्थे, कमाई ठिकै थियो । छोराहरू विद्यालय जान्थे । उनको परिवार खुसीसाथ बसेको थियो । तर अचानक श्रीमान्को हृदयाघातका कारण निधन भएपछि उनको परिवार फेरि संकटमा पऱ्यो ।

कुनै आम्दानी थिएन । एक्लै प्रवासमा बस्न नसक्ने निष्कर्षमा पुगेपछि उनी छोराहरूसहित आफ्नै घर फर्किइन् । घरमा १२ वर्ष अगाडि छोडेको पुरानो घर बाहेक उनीसँग के ही पनि थिएन । केही समय उनलाई छिमेकीहरूले सहयोग गरे तर सधैं यसरी चल्न सक्ने कुरै थिएन । उनी जीवनदेखि झण्डै हार खाने अवस्थामा पुगिन् । उनी सम्झिन्छिन्, *"मलाई संसार अँध्यारो लाग्न थालेको थियो । बाँच्नु भन्दा मर्नु ठिक हो भन्ने सोच्न पनि पुगेकी थिएँ ।"*



लक्ष्मीको समस्या र जीवनप्रतिको निराशा उनकी छिमेकी ललिता विकले थाहा पाइन् । ललिता वडास्तरीय मुक्त हलिया सञ्जालकी सदस्य



हुन् । उनले तत्कालै मुक्त हलिया सञ्जालको बैठक राख्न अनुरोध गरिन् र बैठकमा लक्ष्मीको अवस्थाबारे छलफल चलाइन् । समुहले लक्ष्मीलाई मद्दत गर्ने निष्कर्षका साथ बैठकमा बोलायो । उनको व्यवसाय सम्बन्धी रुची, क्षमता र सीपका बारेमा सोध्यो । लक्ष्मीले किराना पसल राख्न सक्ने बताइन् । समुहले उनलाई आर्थिक स्रोत खोज्न पहल गर्ने निर्णय गर्‍यो । उनको व्यावसायिक योजना तयार गर्न पनि समुहका सदस्यहरू जुटे । योजना तयार भयो । कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनालाई उनीहरूले लक्ष्मीको व्यवसायिक योजनाका लागि सहयोग गर्न सिफारिस पनि गर्‍यो । परियोजनाले उनलाई तीन दिनको व्यवसाय विकासको तालिमसँगै रू. २० हजार आर्थिक सहयोग गरेपछि उनको व्यवसाय गर्ने सोचले मूर्त रुप लियो । लक्ष्मी अहिले ढुक्कले व्यवसाय गर्न थालेकी छिन् ।

रू. २० हजार लगानीबाट सुरु गरेको व्यवसायबाट उनले एक महिनामा रू. ३८ हजारको कारोबार गर्न सफल भइन् । उनले रू. १६ हजार नाफा कमाइन् । आम्दानी भएपछि उनले किराना पसलसँगै मासु पसल पनि सुरु गरिन् । मासु र किराना पसल व्यवसाय सँगै सञ्चालन गर्दा उनको आम्दानी थप बढ्न थाल्यो । आम्दानी बढेसँगै लक्ष्मीको आँट र साहस पनि बढ्दै गयो । छोराहरू विद्यालय भर्ना भएका छन् । आम्दानीबाट उनी मासिक रू. ४ हजार बैंकमा जम्मा गर्छिन् । उनि छरछिमेकीका लागि आइपर्ने अफ्ठ्याराहरूमा मद्दत गर्न अघि सर्छिन् । लक्ष्मी भन्छिन् *"अब म समाजको सामु एउटा उदाहरणीय आमा बन्न चाहन्छु । श्रीमान्को मृत्यु भए पनि छोराहरूलाई उच्च शिक्षा पढाउने उनको सपना पुरा गर्छु । म समुहको बैठकमा नियमित जाने गर्दछु । बैठकमा हलिया समुदायका समस्याहरूको बारेमा छलफल गरिन्छ । समुहमा कार्ययोजना तयार गरि हामीले वडा, नगरपालिका, जिल्ला प्रशासन र जिल्ला समन्वयमा आफ्ना मागहरू राख्ने गरेका छौं । हलिया समुदायका छोराछोरीहरूको शिक्षा, स्वास्थ्य र गाँस, बासको लागि जनप्रतिनिधिहरूसँग कुराकानी गर्ने गर्छौं । वडा, पालिकामा र्‍याली, जुलुस, अन्तर क्रिया, सडक नाटक जस्ता अभियानहरू निरन्तर सञ्चालन गरिरहेका छौं ।"*

लक्ष्मी अहिले व्यवसायमा मात्र होइन, नेतृत्वको तहमा पनि निकै अगाडि छिन् । उनी समुदायका महिलाहरूलाई अगाडी बढ्न उत्प्रेरित गर्छिन् । हलियाका सवालहरूमा सबै मञ्च, बैठकहरूमा आवाज उठाउँछिन् । स्थानीय निकायहरूमा पाइने सेवा सुविधाहरूको बारेमा पनि पालिकाहरूसँग वकालत गर्न उनी लागिरहेकी छिन् ।

.....



# From Bonded Labor to Business Leader: Lakshmi's Inspiring Journey

Lakshmi BK from Dipayal Silgadhi Municipality-7 Uditola in Doti is struggling to fulfill her dream of giving higher education to her two sons. They belong to freed Haliya family. After the declaration of liberation, they made every effort in the village to earn a living. However, unable to find a reliable source of income, they eventually left the village and crossed into India. Lakshmi and her husband used to work for wages, and their income was stable. But when her husband suddenly passed away due to a heart attack, her family found itself in crisis once again. As a result, she returned to Nepal.

Lalita BK, Lakshmi's neighbor, got to know about Lakshmi's problems and despair towards life. Lalita is a member of the ward-level Mukta Haliya network. She immediately requested a meeting of the Mukta Haliya network and discussed the situation of Lakshmi in the meeting. The group extended an invitation to Lakshmi at the meeting to aid her. When asked about her business interests, abilities, and skills, Lakshmi mentioned that she can run a grocery shop. The group decided to take the initiative to find financial resources for Lakshmi. They also recommended the project aimed at ending agricultural bonded labor to support Lakshmi. After the project supported her with NPR. 20,000/- as a financial support along with 3- days of business skill development training, her idea of doing business took a shape.

Lakshmi has embarked on her business ventures with newfound confidence. Her concerns about not being able to afford her sons' education have vanished.

Lakshmi is now not only in business, but also at the level of leadership. She motivates the women of the community to move forward.



She raises her voice in all forums and meetings on Haliya issues. She is also ready to advocate with the municipalities about the service facilities available in the local bodies.



# कपाल काट्दै सामुदायिक नेतृत्व गर्दै सुरत पार्की

कपाल काट्ने व्यवसायका भरमा डोटीको दिपायल सिलगढी नगरपालिकका सुरत पार्कीले सात जनाको परिवार धान्दै आएका छन् । सुरतको समुदायमा कसैले पनि यो व्यवसाय अपनाएका थिएनन् । मुक्त हलिया परिवारका सदस्य सुरतसँग कपाल काट्ने सीप थियो । समुदायमा उनी बिना पैसा अरुको कपाल काटिदिने गर्दथे । तर यही सीपलाई व्यवसायसँग जोड्न सकिन्छ भन्ने उनले सोचेकै थिएनन् ।

हलिया मुक्तिको घोषणासँगै सरकारले जीवन निर्वाहका लागि दिएको थोरै जमिन बाहेक सुरतसँग थप आम्दानीको स्रोत केही थिएन । सात जनाको परिवारका लागि बिहान बेलुकाको छाक टार्नु, बालबालिकाको शिक्षादिक्षाको बन्दोबस्त मिलाउनु, बिरामी हुँदा औषधी उपचारको जोहो गर्नु र चाडपर्व टार्नु उनको परिवारका लागि कठिन थियो ।



सन् २०२१ मा उनको समुदायमा रहेको नगरस्तरीय मुक्त हलिया सञ्जालको पुनर्गठन गरियो । सुरत पनि यो समुहमा सहभागी भए । समुहमा आयोजना गरिने विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रमले सुरतलाई केही नयाँ काम गरौं भन्ने जोस र जाँगर दियो । उनी विद्यालय जान थाले । पढाइले निरन्तरता पायो तर आर्थिक अभाव उस्तै थियो । कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले उनी जस्तै युवाहरूलाई लक्षित गरी तीन दिने उद्यमशीलता विकास सम्बन्धी

तालिम आयोजना गरेपछि सुरतमा उद्यमशीलताको भोक अझ बढेर आयो । उनीसँग भएको कपाल काट्ने सीप र क्षमतालाई उद्यममा परिणत गर्न सकिने कुरामा उनी निश्चिन्त थिए । तर व्यवसाय सुरुवातका लागि आर्थिक स्रोत व्यवस्थापन उनका लागि चुनौती थियो । *"लघुवित्तमा ऋण लिएर भएपनि व्यवसाय सुरु गर्नैपर्छ भन्ने लागेको थियो तर प्रक्रिया के हो भन्ने थाहा थिएन",* उनले भने ।

गरी स्वआर्जन गर्न उत्प्रेरित गरिरहन्छन् । व्यवसायका लागि स्रोत व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर उनी छलफल चलाउँछन् । जिल्ला कृषि कार्यालय, भेटेरेनरी कार्यालय, नगरपालिका र प्रदेश सरकारबाट कसरी उनीजस्तै युवाहरूले लाभ लिन सक्छन् भनेर सोधीखोजी पनि गरिरहन्छन् ।

यति मात्रै होइन हलिया परिवार र समुदायको अधिकारका लागि पैरवी गर्ने, स्थानीय तहमा मुक्त हलिया पुनर्स्थापनाका




आफू आबद्ध भएको मुक्त हलिया समुहमा आफूले व्यवसाय गर्ने सोच बनाएको तर स्रोत अभाव भएको कुरा बताएपछि उनलाई कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले बिउपुँजी सहयोग गऱ्यो र उनको स्वःउद्यम यात्राको सुरुवात भयो । समुदायमा कपाल काट्ने सेवा उपलब्ध भएपछि अहिले उनको सेवा लिने व्यक्तिहरूको कमी छैन । उनी बिहान विद्यालय जान्छन् र दिनभरी यही व्यवसायमा व्यस्त हुन्छन् ।

व्यवसाय सञ्चालनसँगै उनको सामाजिक प्रतिष्ठा र नेतृत्व सीप पनि विकास भएको छ । उनी अहिले पालिकास्तरीय मुक्त हलिया सञ्जालको अध्यक्षको जिम्मेवारी निर्वाह गरिरहेका छन् । उनी समुहको बैठकमा सबैलाई केही न केही व्यवसाय

लागि ज्ञापनपत्र बुझाउने, दिपायल सिलगढी नगरपालिकाको मुक्त हलिया कार्यविधि कार्यान्वयन गर्न समन्वय गर्ने, छुट मुक्त हलियाको तथ्याङ्क सङ्कलनका लागि पालिकासँग समन्वय र गणकहरूलाई तथ्याङ्क लिन सहयोग गर्ने जस्ता कार्य पनि उनले गरी नै रहेका छन् ।

यसरी आर्थिक अभावका कारण भविष्य अनिश्चित देखिरहेका सुरत अब उद्यमी र सामाजिक नेतृत्वकर्ता भएका छन् । अध्ययन पनि सँगै अघि बढाइरहेका छन् । उनको जीवन भोगाइ र अनुभव स्थानीय अरु युवाका लागि पनि उत्प्रेरणाको स्रोत बनेको छ ।

---

# Surat Parki leading the community with a haircutting-business

Surat had no source of additional income except for the small amount of land given by the government for subsistence with the declaration of liberation of Haliyas. For a family of seven, it was difficult for his family to afford two meals a day, ensure their children's education, manage medical expenses and celebrate festivals.

In the year 2021, the project, Ending Agricultural Bonded Labour in Nepal, supported in reformation of Haliya community and municipality level committees. Surat also participated in this group. After joining the group, he got an opportunity to participate in entrepreneurship development training. Surat used to cut the hair in the village, but only after participating in the training, he got to know that he could earn money from it. He has now gained the self-confidence to start a hair-cutting business.He started his business after receiving seed grant support from the project. Now, Surat also goes to school in the morning and manages his business in the in the evening.

Along with running the business, his social reputation and leadership skills have also developed. Now, he is also serving as the chairperson of the municipal-level Mukta Haliya network. He motivates everyone in group meetings to start their business and earn for themselves.






# सिलाइ उद्यम र नेतृत्व विकास सँगसँगै

नेपाल सरकारले विभिन्न समयमा कमैया-कमलरी तथा हलिया समुदायको मुक्तिको घोषणा गरे पछि उनीहरूले विभिन्न पेशा अपनाउँदै स्वतन्त्र जीवन बाँच्न थाले । मुक्तिको घोषणासँगै कमैया तथा हलिया पुरुषले जीविकोपार्जनका विभिन्न मार्गहरू अँगाल्दै गए पनि ती समुदायका महिला भने आफ्ना श्रीमान्मा नै आश्रित बन्न पुगेका थिए । उनीहरू समुदायको नेतृत्वबाट टाढा नै थिए, श्रीमान्ले कामका लागि बसाइँ सर्दा सँगै जानुपर्ने बाध्यता थियो, घरायसी काममा सीमितताका कारण घरखर्चका लागि श्रीमान्को कमाइमा आश्रित थिए । तर कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाको आगमनसँगै यो परिवेशमा परिवर्तन आएको छ, जसका उदाहरण हुन् सरु दमाई र अस्तुर्नी थारु ।

बर्दियाको बाँसगढी नगरपालिका बस्ने अस्तुर्नी थारु र बाजुराको बुढीनन्दा नगरपालिका बस्ने सरु दमाईको कथा उस्तै उस्तै थियो । दुवै मुक्त कमैया तथा मुक्त हलिया परिवारका सदस्य हुन् । सरु श्रीमान्सँगै भारतको मुम्बईमा काम गर्न निस्केका थिए भने अस्तुर्नी घरायसी काममा नै सीमित थिइन् । दुवैमा सिलाइ कटाइको सीप त थियो, तर सो सीपलाई जीविकोपार्जनको आधार बनाउने ज्ञान, सीप र सोचको कमी थियो ।



परियोजनाको कार्यान्वयनपछि बर्दिया र बाजुराका मुक्त कमैया तथा मुक्त हलिया सञ्जालहरूको पुनर्गठन हुन थाल्यो । सोही समयमा सरु र अस्तुर्नी आ-आफ्ना

समुहका सदस्य बने । परियोजनाले मुक्त हलिया तथा मुक्त कमैया सञ्जाललाई नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरेपछि दुवैले आ-आफ्ना स्थानहरू ती कार्यक्रममा सहभागी भए । त्यसपछि दुवै जनाले आ-आफ्ना पालिकास्तरीय सञ्जालको उपाध्यक्षको जिम्मेवारी वहन गर्न थाले । परियोजनाले गरिबीमा परेका मुक्त बँधुवा मजदुरका परिवारलाई उद्यमशीलताको तालिम आयोजना गर्दा सरु र अस्तुर्नीलाई समुदायले छनौट गरे र उनीहरू सो तालिममा सहभागी भए, जसले उनीहरूको जीवनमा परिवर्तन ल्यायो । दुवैले परम्परागत सिलाइ कटाइको सीपलाई जीविकोपार्जनको आधार बनाउन सकिने महसुस गरे र उनीहरूले परियोजनाबाट पाएको बीउपुँजीलाई सदुपयोग गर्दै व्यवसाय सुरु गरे ।

सरुले जगन्नाथ गाउँपालिकाको पिलुचौर भन्ने बजारमा आफ्नो व्यवसाय सञ्चालन गरेका छन् । आसपासका गाउँपालिकाहरूको समेत मुख्य बजार भएकाले पिलुचौरमा मानिसको चहलपहल बढी छ । सरुको सीप र व्यवहारका कारण उनको पसलमा सेवाग्राहीको कमी छैन । अब उनी आफै कपडा ल्याएर समेत बेचिरहेकी छिन् । उनी भन्छिन् *“पहिला थोरै ज्यालाका लागि धेरै श्रम गरियो । अहिले आफ्नै व्यवसायबाट यसरी आम्दानी गर्न सकेकोमा खुसी लाग्छ । व्यवसाय फस्टाएपछि मेरा श्रीमान् पनि घर फर्किएका छन् । छोरीहरू विद्यालय जान्छन् । सानोतिनो खर्चका लागि अरुको मुख ताक्नु परेको छैन । व्यवसायलाई अझ ठूलो बनाउने मेरो सोच छ ।”*

यस्तै अवस्था अस्तुर्नीको पनि रहेको छ । घर नजिकै सिलाइ कटाइको पसल खोलेकी अस्तुर्नीको व्यवसायबाट आम्दानी बढेपछि घरखर्च र बालबालिकाको पढाइका लागि पैसा जुटाउन सहज भएको छ । उनी भन्छिन्, *“यस व्यवसायमा न त ठेकेदारले ठग्ने डर छ न बेरोजगार भइएला भन्ने चिन्ता छ । जीवन स्वतन्त्र भएको अनुभव गरेकी छु ।”*

यसरी व्यवसाय सुरु गरेका सरु र अस्तुर्नी अहिले आफ्नो सीपलाई बेचेर आर्थिक रूपमा स्वतन्त्र भएका छन् । सरुका श्रीमान्‌ले त झन् भारतमा गरिरहेको चौकीदारी छोडेर अहिले उनीसँगै पसलमा बसेर सिलाइ कटाइको काम गरिरहेकाछन् । व्यवसाय सँगसँगै उनीहरू दुवैजना आफ्नो समुदायको हक अधिकारको पक्षमा पनि लागिरहेका छन् । अस्तुर्नी हाल पालिकास्तरीय मुक्त कमैया सञ्जालको अध्यक्षका रूपमा सामाजिक कार्यमा आबद्ध छिन् । उनी भन्छिन्, *“सङ्गठनमा जिम्मेवारी लिए पश्चात् पालिकास्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रममा सहभागी हुनाका साथै मुक्त कमैयाको अधिकारको बारेमा आवाज उठाइरहेकी छु । मुक्त कमैयाको जीविकोपार्जनका लागि पालिकासँग छुट्टै बजेट माग गरेका छौं । मुक्त कमैया लक्षित बजेट अन्तर्गत पालिकाको कृषि शाखाबाट तरकारीको बिउबिजन प्राप्त गर्न सफल भएका छौं । मेरो पालिकामा रहेको म जस्तै मुक्त कमैया परिवारको महिलालाई सङ्गठनमा आबद्ध गराई नेतृत्व तहमा ल्याउने प्रयास गरेको छु ।”* अस्तुर्नी जस्तै सरु पनि आफ्नो पालिकामा छुट भएका हलियाको तथ्याङ्क संकलन तथा पुनर्स्थापना कार्यमा निरन्तर लागिरहेकी छिन् ।




बर्दियाकी अस्तुर्नी र बाजुराकी सरु महिला नेतृत्व, सामाजिक अभियन्ता तथा उद्यमीका केही प्रतिनिधि उदाहरण हुन् । महिलाले अवसर पाए आफ्नो घर र समाज दुवैमा उत्तिकै महत्वपूर्ण भूमिका तथा योगदान दिनसक्ने कुरालाई यी दुवैले पुष्टि गरेका छन् । ज्ञान, सीप र व्यवसाय सुरुवातका लागि थोरै सहयोग पाएको खण्डमा अन्य महिलाले पनि सरु र अस्तुर्नीले जस्तै स्वउद्यमशीलता र आत्मनिर्भरताको बाटोमा लाग्न सक्नेछन् ।

# Entrepreneurship and Leadership; Side-by-Side

Asturni Tharu from Bansagadhi Municipality in Bardiya district and Saru Damai from Budhinanda Municipality in Bajura district, both belong to former agricultural bonded labour communities, freed Kamaiya and freed Haliya. Both of them were limited to their household chores and were dependent upon their husband's income for household and other expenses. While Saru had to travel to Mumbai, India with her husband for means of livelihood, Asturni was limited within her community. However, both were skillful in tailoring, but had no means to start their own livelihood options.



Both, Asturni and Saru; got engaged in their respective community level groups when Ending Agricultural Bonded Labour Project was implemented in their communities. Both participated in training on leadership and were encouraged to take their roles the community level advocacy and campaigns. Both, started to serve their Palika level committees as the vice chairpersons and led their communities to raise issues on livelihood, health facilities, education, and so on.

Both, Asturni and Saru also were selected by their community groups to participate in the training on Entrepreneurship Development, where they received knowledge and skills on starting and sustaining their businesses. Both shared their proposal to start Tailoring shop, which were backed by the project and received NPR. 20,000/- to start their business. With the growing business in the communities, now they are economically independent. Both share that since they have started their incomes, now they are not dependent upon their husbands for household or other expenses.

As local representatives, they continue their advocacy for the rights and demands of their communities. They lead efforts to coordinate with local municipalities, in the allocation of budgets, and inspire the community to become empowered. Both are the examples that when provided with support and opportunities, women are able to successfully lead their homes and communities.



# छात्रवृत्तिमा कृषि प्राविधिक बन्दै

बर्दियाको राजापुर नगरपालिका-३ बस्ने रीता थारु मुक्त कमलरी हुन् । पाँच वर्षकै उमेरदेखि कमलरी बसेकी उनी शारीरीक अपाङ्गतासँग जुधिरहेकी छिन् । १४ जनाको संयुक्त परिवारमा बस्ने रीताको परिवारको दिगो आयस्रोत केही छैन । शारीरीक अवस्था र आर्थिक संवेदनशीलताले उनी विद्यालय शिक्षाबाट विमुख बन्ने अवस्था सिर्जना आइसकेको थियो । उनलाई घरेलु कामका लागि काठमाडौं ल्याइयो । उनले अरुको घरमा काम गर्दै प्रवेशिकासम्म अध्ययन पूरा गरे पनि थप अध्ययनका लागि उनी विद्यालय जानबाट वञ्चित भइन् । केही वर्ष काठमाडौंको बसाइपछि उनी भागेर बर्दिया फर्किइन् । घरको आर्थिक अवस्था उस्तै नै थियो । स्थानीय जमिन्दारको घरमा पुनः घरेलु काम गर्दै उनले कक्षा १२ सम्मको अध्ययन पूरा गरिन् ।



आफ्नो समुदायमा मुक्त कमलरीको सञ्जाल रहेको थाहा पाएकी उनी त्यसमा सदस्य बनिन् । जीवन निर्वाह र शिक्षाका लागि धेरै चुनौतीसँग जुधेकी रीतालाई सङ्गठनमा आबद्ध भएर आफू र आफ्नो समुदायका लागि केही गरौं भन्ने भावना आउन थालेको थियो । कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाले स्थानीय मुक्त कमैया सञ्जालको सशक्तीकरणमा काम गर्न थालेपछि उनी त्यसमा निरन्तर सहभागी हुन थालिन् । समुहमा आबद्ध भएपछि उनले विभिन्न सीप विकास र क्षमता विकासका तालिममा सहभागी हुने अवसर पनि पाइन् ।

सञ्जालको बैठकमा समुदायको सवाल र चुनौतीका बारेमा हुने बहस र छलफलले रीतालाई थप उर्जा दियो । स्थानीय सरकार र राज्यले प्रदान गर्ने सेवा सुविधा, नागरिक अधिकारसम्म कसरी पहुँच पुऱ्याउने भन्ने बारेमा समेत उनीहरूका बीचमा छलफल हुने गर्दथ्यो । मुक्त कमलरीको अधिकारका लागि आयोजना गरिने दबाबमुलक कार्यक्रम र अभियानमा उनी सक्रिय हुन थालेसँगै उनको नेतृत्व क्षमता समेत बलियो हुँदै गएको थियो ।

मुक्त कमैया परिवारका युवालाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध हुने कुरा समेत उनले सोही सङ्गठनमा आबद्ध भएपछि थाहा पाइन् । *"मलाई पहिलादेखि नै प्राविधिक शिक्षा अध्ययन गर्ने इच्छा थियो तर घरको आर्थिक अवस्थाका कारण मैले अध्ययन गर्न पाएको थिइनँ । सङ्गठनमा प्राविधिक शिक्षाका लागि छात्रवृत्ति*



*सम्बन्धी सूचना पाएपछि मैले कृषि प्राविधिक अध्ययन गर्ने अवसर पाएँ । परिवारले पनि साथ दियो ।"* उनको खुसी यसरी अभिव्यक्त भयो ।

उनलाई छात्रवृत्तिका लागि निवेदन दिने, कागजपत्र तयार गर्ने जस्ता प्रक्रियागत पक्षहरूमा सङ्गठनले मद्दत गऱ्यो । शैक्षिक सामग्री व्यवस्थापनका लागि परियोजनाले केही आर्थिक सहयोग समेत उपलब्ध गराएपछि उनको प्राविधिक शिक्षा अध्ययन गर्ने सपना पूरा भयो । उनले कृषि प्राविधिक कोर्स अन्तर्गत अन्तिम वर्षको परीक्षा सम्पन्न गरी छ महिने On The Job Training (OJT) समेत पुरा गरिन् ।

प्राविधिक शिक्षा अध्ययन सकिएपछि उनले आफ्नो परिवारसँग मिलेर अहिले तीन कठ्ठा जमिनमा बेमौसमी तरकारी खेती सुरु गरेकी छिन् । यसबाट उनले मासिक रू. १५ हजार भन्दा बढी आम्दानी गरिरहेकी छिन् । अहिले रीता समुदायका अन्य सदस्यलाई पनि आधुनिक कृषिमा लाग्न उत्प्रेरित गर्छिन् । आफूले जानेका ज्ञान सीप समुदायका सदस्यलाई बताउँछिन् । व्यवसायका साथसाथै हाल उनि मुक्त कमलरीको सङ्गठनमा पनि निरन्तर लागिरहेकी छिन् ।




डोटीको शिखर नगरपालिका-३, जोरागाउँ घर भएका सुनिल भूलको शैक्षिक यात्रा पनि रीताको जस्तै छ । उनी मुक्त हलिया परिवारका सदस्य हुन् । २० वर्षीय सुनिल भुलका बुबाको मृत्यु भएपछि हेरचाह र संरक्षणको जिम्मा उनकी आमा कमली भूलको काँधमा थियो । छोरालाई जसोतसो एस.इ.इ. सम्मको अध्ययन त गराइन् तर उच्च शिक्षाका लागि विद्यालय पठाउने क्षमता उनीसँग थिएन, जसले गर्दा सुनिलको शैक्षिक भविष्य अनिश्चित थियो । कमली समुदायमा पुनर्गठित हलिया सञ्जालमा आबद्ध भइन् । उक्त सञ्जालको बैठकहरूमा सहभागी हुन थाले पछि उनले सेती प्राविधिक शिक्षालयमा कृषि प्राविधिक

जेटिए अध्ययनका लागि आवेदन खुलेको थाहा पाइन् र छोरा सुनिललाई आवेदन दिन पठाइन् । प्रवेश परीक्षा दिएका सुनीलले पहिलो स्थान प्राप्त गरेपछि सिटीइभिटीबाट निःशुल्क अध्ययन गर्ने अवसर पाएका थिए। तर अध्ययनका लागि थप खर्चको व्यवस्थापन गर्ने क्षमता उनीहरूसँग थिएन। परियोजनाले प्राविधिक शिक्षा अध्ययन गर्न चाहनेका लागि सहयोग उपलब्ध गराउने उद्देश्यले आवेदन माग गऱ्यो। उनले आवेदन दिए र छनौट भए। अध्ययनका लागि बास, खाना र शैक्षिक सामग्रीको जोहो परियोजनाले गरिदिएपछि उनको कृषि प्राविधिक (जेटीए) बन्ने सपना सफल भयो ।

अहिले सुनिल डोटीस्थित सेती प्राविधिक शिक्षालय दिपायलमा कृषि प्राविधिक (जेटीए) अध्ययनका अन्तिम वर्षको परीक्षाको नतिजा पर्खाइमा छन् । उनले काठमाडौंमा छ महिनाको On The Job Training (OJT) पनि सम्पन्न गरिसकेका छन् । विद्यालयका अनुसार सुनिलको अध्ययन क्षमता राम्रो छ । उनी प्रायः सबै परीक्षाहरूमा उत्कृष्ट नतिजा ल्याउँछन् । कृषि प्राविधिक अध्ययन सकिन लागेसँगै सुनिल अब आफ्नो समुदायमा केही नयाँ काम गर्ने सोचमा छन् । उनी भन्छन् *"मैले अध्ययनका क्रममा आधुनिक कृषिका बारेमा थुप्रै राम्रा ज्ञान हासिल गरेको छु । यसलाई म समुदायका अन्य व्यक्तिलाई सिकाउँछु र आधुनिक कृषि मार्फत् समुदायको जीवनयापनमा मद्दत गर्नेछु",* उनले आफ्नो योजना सुनाए। ती योजना कार्यान्वयन भएमा त्यसको लाभ सम्बन्धित समुदायले लिनेछ।

----

# Empowering Futures: Rita and Sunil's Journey Through Technical Education

Rita Tharu, a resident of Rajapur Municipality-3 of Bardiya, is a freed Kamalari. She worked as a Kamalari when she was five years old and is struggling with physical disabilities. Living in a joint family of 14 members, Rita's family has no sustainable source of income. Due to her physical condition and financial sensitivities, she was on the brink of being alienated from school education. Then, she joined the freed Kamlari community group. There, she was facilitated for scholarship with the support of the Ending Agricultural Bonded Labour in Nepal project.

The community helped her in procedural aspects such as applying for scholarships and preparing documents. Her dream of studying technical education came true after the project provided some financial support for the management of educational materials. She completed the final year examination under the agricultural technical course and also completed the six-month internship. After completing her studies, she has started commercial vegetable farming. Her life has changed after she began earning from her business.

The educational journey of Sunil Bhool, 20, who lives in Shikhar Municipality-3, Joragaun, Doti, is similar to Rita's experience. He is also a member of Mukta Haliya family. After the death his father, his mother Kamali Bhul had to take care of her family. His family could not afford to send him to school. Her mother Kamali, who is affiliated with the local Mukta Haliya network, got information about getting a scholarship for technical education.

Sunil is a bright student who topped the entrance examination and received scholarship from school. But due to poverty he was not sure about joining the school as he faced challenges in expenses for food, rent and education materials. Then the group helped Sunil with the process of scholarship, from the project. Currently, Sunil is waiting for the results of the final year examination of Agricultural Technician (JTA) at Seti Technical School, Dipayal, located in Doti. He has also completed a six-month internship in Kathmandu. After completing his studies, he is moving forward with the idea of contributing to his community.



# नेतृत्व तहमा सीता

सीता विक डोटी जिल्लाको शिखर नगरपालिका- ४ भुंगडा बस्छिन् । उनी मुक्त हलिया परिवारकी एकल महिला हुन् । १३ वर्षको उमेरमा बाल विवाह गरेकी सीताले एक वर्षमा नै श्रीमान् गुमाइन् र एकल हुन पुगिन् । श्रीमान्‌को मृत्यु पछि परिवारको सबै जिम्मेवारी उनको काँधमा पर्‍यो । खेतीपाती गर्न जमिन थिएन, व्यापार व्यवसाय गरेर खानलाई आफुसँग पुँजी थिएन । साबिकको मुडभरा गाबिसमा पर्ने भुंगडा निकै दुर्गम बस्ती थियो । त्यहाँ कुनै पनि सर कारी तथा गैर सरकारी संघ संस्थाहरूले दलित, हलिया, भूमीहिन परिवारको उत्थानको लागि काम गरेका थिएनन् । उनी निकै संकटमा थिइन् । परिवारको पालन पोषणका लागि उनले श्रीमान्‌को सट्टा आफु जमिन्दारको घरमा काम गर्न जाने निधो गरिन् । साहुको घरमा काम गर्दा केहि अन्न र खाने कुरा पाइन्थ्यो तर परिवारका लागि त्यो पर्याप्त थिएन ।



यसैबीच वि.सं. २०७७ मा उक्त बस्तीमा सुनौलो मुक्त हलिया सञ्जाल गठन गरियो । समुहको मासिक बैठकमा हलियाका सवालहरू र महिलाहरूको सशक्तिकरणको लागि नेतृत्व सीप विकास तालिमको आयोजना गरिएको थियो । उनी उक्त तालिममा सहभागि हुने अवसर पाइन्, जसले गर्दा उनको आत्मबल बढ्दै गयो । समुहको बैठकमा पनि उनी सँधै अगाडि आएर बोल्ने गर्थिन् । बिस्तारै उनी एक नेतृको रूपमा परिचित हुन थालिन् । उनले समुहको सहयोगमा हलिया समुदायको अधिकारको लागि आवाज उठाउने र

वडा, नगर, जिल्लाहरूमा पैरवी तथा ज्ञापन पत्रहरू बभ्फाउनेगर्न थालिन् । यस पछि सीता जस्तै उक्त समुदायका अन्य महिलाहरूको आत्मबल बढाउन र उनीहरूको आर्थिक सशक्तिकरणको लागि संस्था तथा स्थानीय तहबाट आर्थिक सहयोगहरू हुन थाले । समुहका महिलाहरू साहुको घरमा काम गर्न छोडेर कुखुरा, बाख्रापालन, किराना पसल जस्ता साना व्यवसायमा आबद्ध हुन थाले ।

सीता किराना पसल व्यवसाय गर्छिन् । उनी भन्छिन्, *"समुहबाट रू. २० हजार सहयोग पाउँदा किराना पसल व्यवसाय अगाडि बढाएँ । व्यवसायबाट राम्रै आम्दानी हुन थाल्यो । पसलको आम्दानीले छोराछोरी हुर्काउन निकै सहयोग पुगेको छ । त्यसपछि मैले समुदायका अति विपन्न, दलित, हलिया परिवारको लागि केहि गर्नुपर्छ भन्ने सोच बनाएँ ।"* सिताले वि.स. २०७९ सालको स्थानीय निर्वाचनमा वडा सदस्य पदमा उम्मेदवारी दिइन् र निर्वाचित पनि भइन् । जनप्रतिनिधिको समेत जिम्मेवारी पाएपछि उनी निरन्तर रूपमा एकल महिला, दलित तथा भूमीहिन हलिया समुदायको हक अधिकारको लागि वडा तथा पालिकामा आवाज उठाउने गर्छिन् । सीता अहिले सशक्त साहसी महिलाको रूपमा परिचित छिन् । उनी थप्छिन्, *"म जस्तै विपन्न, एकल, दलित, हलिया समुदायका महिलाहरूको आर्थिक सशक्तिकरणको लागि वडा तथा नगरपालिकाद्वारा सानाखाले व्यवसायमा आबद्ध हुन, सीपमुलक तथा महिलाहरूको क्षमता अभिवृद्धी गर्ने तालिमहरूको व्यवस्थापन गर्ने जस्ता कार्यहरूमा मेरो पनि महत्वपूर्ण भुमिका थियो ।"* सीता आफ्नो समुदायको दिगो जीविकोपार्जन र अधिकार प्राप्तिको अभियानमा लागि रहने अठोट गर्दैछिन् ।

....

## Sita: From Bonded Laborer to Community Leader

Sita Bika lives in Shikhar Municipality- 4 Bhungada of Doti District. She is a single woman from a freed Haliya family. She was married at the age of thirteen, but she lost her husband a year later. Since then, she has remained single. The situation of Sita and her family became more and more critical. After her husband's death, she considered working as a bonded laborer in the same place where her husband had worked to earn a living, but her idea changed after she became a member of the Mukta Haliya network formed in the community. Her life transformed after the Haliya network was strengthened by the project initiated to end bonded labor based on agriculture.

She not only had the opportunity to participate in enterprise development training through the network but also received seed money for her business operations. Now she is running a grocery store business. The income of the grocery store has made her life easier. Now, her household expenses are no longer a concern, she is also attending group meetings. The continuous meetings and discussions in the group have also increased Sita's leadership ability.

She ran for the position of ward member in the local elections of 2079 and was successfully elected. After being given the responsibility of a public representative, she is constantly raising her voice in the wards and municipality for the rights of single women, Dalits and landless Haliya communities. Now, Sita is recognized as a strong and courageous woman.



# तरकारी खेती, बुधेको प्रगती

बाजुरा जिल्ला स्वामीकर्तिक खापर गाउँपालिका जेरा टोलका बुधे कामी मुक्त हलिया हुन् । दुई छोरा, एक बुहारी र श्रीमती सहित पाँच जनाको परिवारको गुजारा चलाउने जिम्मा बुधेकै काँधमा छ। उनको जीवनको उर्जाशील समय अरुको घरमा काम गरेरै बित्यो। २०६५ सालमा मुक्तिको घोषणा हुँदा बुधेको परिवारसँग ज्याला मजदुरी गर्ने सीप बाहेक अरु चलअचल सम्पत्ति केहि थिएन। मुक्तिको घोषणासँगै राज्यबाट पुनर्स्थापनाका लागि पाएको रकमले उनले कर्णाली नदीको किनारमा थोरै जग्गा किने, सानो घर बनाए र खेतीपाती गर्न थाले । तर परम्परागत खेतीबालीले उनको परिवारको गुजारा चल्ने अवस्था थिएन। दैनिक ज्याला मजदुरी उनीहरूको बिहान बेलुका हातमुख जोर्ने माध्यम थियो । आर्थिक रूपमा संवेदनशील जीवन बाँचिरहेका बुधेको परिवारमा हलिया मुक्तिको कुराले भने उत्साह थपेको थियो।



यसैबीच २०७८ सालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजनाको सहयोगमा समुदायमा रहेको मुक्त हलिया समुहको पुनर्गठन भएपछि उनी उक्त समुहको सदस्य बने। उनले मुक्त हलिया समुहमा आबद्ध भएपछि समुदायमा आयोजना हुने विभिन्न छलफल र अन्तरक्रियाहरूमा सहभागी हुने मौका पाए। सोही समुहमा आयआर्जन वृद्धिका लागि उनले परम्परागत अन्न बालीको सट्टा व्यावसायिक तरकारी खेती गर्न सकिए आम्दानीको स्रोत बढ्न सक्ने कुरा थाहा पाए । उनले यहि कुरालाई व्यवहारमा लागु गर्दै तरकारी खेती सुरु

गरेका छन् । बुधेजस्तै मुक्त हलियाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि परियोजनाले उद्यमशीलता सम्बन्धी तालिम र बिउ पुँजी सहयोग गरेपछि उनको दैनिकी फेरियो । उनले परियोजनबाट प्राप्त भएको रू.२० हजार बिउपुँजीमा थप रू. २० हजार लगानी गरी व्यावसायिक तरकारी खेती सुरु गरेका छन् । बारीको उत्पादन स्थानीय स्तरमा नै बिक्रि हुन थालेपछि बुधेको परिवार उत्साहित छ। पुरै जीवन अरुको घरमा काम गरेर बिताएका बुधेलाई आफै यसरी तरकारी खेती गरेर आम्दानी गर्न सक्छु भन्ने लागेकै थिएन। हाल उनले तरकारी खेतिबाट बार्षिक रू. ६० देखि ७० हजारसम्म आम्दानी गरिरहेका छन्।

कुनै बेला अरुको साहारामा आफ्नो जीवन निर्वाह गरेका बुधे अहिले उनको समुदायकै लागि उत्प्रेरणाका स्रोत बनेका छन्। उनी तरकारी खेतीबाट समय निकालेर समुदायमा हुने छलफल र बैठकमा नियमित भाग लिन्छन्। त्यस्ता बैठकमा उनी समुहका सदस्यहरू बिचमा कृषि सम्बन्धी अनुभव आदानप्रदान गर्छन् । राज्यबाट कृषकहरूलाई उपलब्ध हुने सेवा सुविधाका बारेमा जानकारीहरू दिने र त्यस्ता सेवा लिनका लागि सम्बन्धित निकायमा जानका लागि समुहका सदस्यहरूलाई उत्प्रेरित गर्छन् । अहिले उनी जस्ता उनका समुहका सदस्यहरूले पनि कृषि शाखाबाट उपलब्ध हुने बिउविजन सुविधामा पहुँच पाएका छन्।

आम्दानी बढेपछि उनीहरूको घरखर्च सहज भएको छ । बालबालिकाको पढाइका लागि चिन्ता गर्नु परेको छैन। घर खर्चबाट बचेको आम्दानीलाई उनीहरूले देव मष्टा नामक कृषक समुह गठन गरी नियमित बचत गर्ने परिपाटीको विकास गरेका छन् । कृषि समुह दर्ता गरेपछि उनीहरूलाई कृषि कार्यालयबाट प्राप्त हुने कृषि सम्बन्धी सेवा सुविधा लिन समेत थप सहज भएको छ।

......

# Vegetable Farming supports Budhe becoming economically independent

Budhe Kami from Jera tol, Swamikartik Khapar Rural Municipality, Bajura District is a freed Haliya, lives with his wife, 2 sons and a daughter in law. The productive years of his life were spent working for others. When the government announced Haliya liberation in 2065 BS, Budhe's family were able to buy a small piece of land on the banks of the Karnali river, built a small house and started farming with the money he received from the state for rehabilitation. But the traditional way of farming was not enough to support his family. Their sole means of making a livelihood was through daily wage labor.

Meanwhile, in 2078 BS, following the reformation of the community level Haliya committee with the help of the Ending Agricultural Bonded Labor in Nepal project, Budhe also joined the group. After joining the Mukta Haliya group, he got the opportunity to participate in various discussions and interactions organized in the community. In the same group, he found out that the source of income can be increased if commercial vegetable cultivation can be done instead of traditional grain crops. He started vegetable farming by applying this matter in practice. For the economic and social empowerment of free young people like Budhe, the project provided training and seed capital for self-entrepreneurship, and his regular life changed.

He has started commercial vegetable farming by investing an additional NPR. 20,000/- on the NPR. 20,000/- seed capital received from the project. Budhe's family is enthusiastic as his products have started to be sold locally. Budhe, who spent his whole life working in other people's houses, did not think that he could earn his own income by growing vegetables. Currently, he is earning NPR. 60-70 thousand per year from vegetable farming.

## About Us

ActionAid International is an anti-poverty, human rights-based organi- sation established in 1982. ActionAid Nepal is a non-govern- mental national social justice organisation rooted and working locally in different parts and regions of Nepal. It is a member of the ActionAid International Federation. ActionAid Nepal is also part of both the national and global social justice movement and other civil society networks, alliances and coalitions.

COUNTRY OFFICE
Apsara Marga, Lazimpat Ward No. 3, Kathmandu, Nepal
P.O. Box. 6257 Tel.: 977-1-4002177
Email: mail.nepal@actionaid.org

www.nepal.actionald.org
www.facebook.com/actionaid.nep
www.twitter.com/@actionaidnep
www.instagram.com/actionaidnepal/
www.linkedin.com/company/actionaid-nepal
www.youtube.com/c/actionaidnepal1982